# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३५१ | काठमाडौं | बुधबार, ०३ वैशाख २०८२ | Prabhab National Daily | Wednesday, April 16, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**मौसमी फ्लु रोकथामका उपाय**

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रूपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कांग्रेस असन्तुष्ट बनेपछि ओली-देउवा भेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तामै रहेको दल नेपाली कांग्रेसका नेताहरूले सरकारको कामप्रति चर्को असन्तुष्टि पोख्न थालेपछि प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच भेटवार्ता भएको छ । मंगलबार दिउँसो प्रधानमन्त्री कार्यालय बालुवाटारमा ओली र देउवाबीच एक घण्टा कुराकानी भएको हो ।

भेटमा दुई नेताबीच उच्चस्तरीय राजनीतिक संयन्त्रलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको जानकारी दिइयो । संयन्त्रका संयोजक नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का हुन् । कांग्रेस महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा सदस्य रहेका छन् । एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव विष्णु रिमाल छन् ।

पछिल्ला दिनहरूमा कांग्रेसका महामन्त्री थापाले सरकारमाथि तीव्र असन्तुष्टि जनाइरहेका छन् । मंगलबारमात्र एक कार्यक्रममा थापाले सरकार ट्र्याक्टरको गतिमा चलिरहेको आरोप लगाए । 'मलाई विस्तारै के कुरा लाग्न थालेको छ भने देशलाई कंकडको स्पिड चाहिएको छ तर सरकार ट्र्याक्टरको स्पिडमा छ,' उनले अघि भने, 'मान्छेको अपेक्षाको जुन गति छ त्यो सरकारले पक्रिन सकेन ।'

सरकारले काम गरेको भए सडकमा आन्दोलन देख्नुपर्ने अवस्था नआउने उनको दाबी थियो । 'स्पिडमा काम गरेको भए शिक्षकहरू आन्दोलनमा आउनुपर्ने थिएन । सहकारीको अवस्था त्यस्तै छ,' उनले भने 'सरकारले चलाउन नपर्ने कुरा चलाएर सडकमा आउन बाध्य बनाएको छ । यो कुराले हामीलाई रामराम भन्ने हो, गर्ने के त भन्ने बनाएको छ ।' यद्यपि देउवा र ओलीको भेटपछि संयन्त्रको बैठक चाँडै बोलाउने र असन्तुष्टिहरूलाई सम्बोधन गर्ने प्रयास गरिने बताइएको छ ।



सरकारप्रति कांग्रेसमा बाहिर भनेजस्तो असन्तुष्टि केही छैन । प्रधानमन्त्रीको काम प्रभावकारी भएन भन्ने हो । अर्को कुरा नियुक्तिहरू सन्तुलितरूपमा जानुपर्छ भन्ने हो । राष्ट्र बैंकको गभर्नरको विषय पनि छ ।

■ **डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

नयाँ वर्ष आरम्भसँगै सुरू भएको सरकार परिवर्तनको हल्ला आजबाट अन्त्य भएको छ । अब पुनः नीति, कार्यक्रम र बजेटको तयारीका सन्दर्भमा सरकारलाई सुझाव दिऔं ।

■ **शंकर पोखरेल**
महासचिव, नेकपा एमाले

### असन्तुष्टि के मा ?

नेपाल राष्ट्र बैंकको गभर्नर पद चैत २४ देखि खाली छ । यो पदमा एमाले र कांग्रेसको हानथापकै कारण अहिले विवाद चर्किएको बताइएको छ । यही मौकामा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सरकार परिवर्तनको वातावरण बनेको दाबी गरेको हुन सक्छ । आइतबार चितवन पुगेका दाहालले भनेका थिए, 'परिस्थिति यस्तो बन्दै छ कि यो सरकार धेरै अगाडि जान सहज छैन भन्ने कुरा पनि देखिइराख्या छ । त्यसकारण कुनै पनि सम्भावना छ । नयाँ वर्षले केही न केही निकासचाहिँ लिएर आउँछ भन्ने मलाई लाग्छ ।'

दाहालको यो भनाइपछि एमालेले सोमबार मुख्यालय च्यासलमा बैठक डाकेर कांग्रेस नेताहरूले संयन्त्रमै कुरा राख्नुपर्ने बताएका थिए । त्यसपछि मंगलबार प्रधानमन्त्री देउवा र ओलीबीच भेट भएको हो ।

⏭ क्रमशः पृष्ठ २ मा

# विद्यार्थी भर्ना अभियान सुरू शिक्षक सडकमै

■ जेबी योञ्जन

**काठमाडौं–** नयाँ शैक्षिक सत्र मंगलबारबाट सुरू भएको छ । यसैअन्तर्गत विद्यार्थी भर्ना अभियान सुरू भएको छ । विद्यालयहरूमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्नुपर्ने शिक्षकहरू भने दुई सातादेखि काठमाडौंमा आन्दोलित छन् । सरकारले पटक-पटक वार्ताका लागि शिक्षकहरूलाई आह्वान गरेको छ । तर, वार्तामा रुचि देखाइरहेका छैनन् ।

नेपाल शिक्षक महासंघकी सहअध्यक्ष तथा आन्दोलन परिचालन समिति संयोजक नानुमाया पराजुलीले सरकारसँग वार्ता गरेर सहमति गर्न नचाहेको बताइन् । '२०७५ सालमा गिरिराजमणि पोखरेल, २०७८ मा देवेन्द्र पौडेल, २०८० मा अशोक राई र २०८१ को सुरूतिर नारायणकाजी श्रेष्ठसँग शिक्षक महासंघको सहमति भयो तर कार्यान्वयन भएन । ऐन बनेन । त्यही भएर हामी ऐन चाहन्छौं, वार्ता चाहन्नौं,' उनले प्रभावसँग भनिन् ।

उनका अनुसार विद्यालय शिक्षा ऐनका बारेमा शिक्षा मन्त्रालयको धारणा स्पष्ट पार्न शिक्षामन्त्री विद्या भट्टराईसमक्ष २४ बुँदे पत्र बुझाइएको छ । पत्रमा शिक्षकको वृत्तिविकास, सेवा सुविधा, स्थायित्व, अस्थायी प्रकृतिका सबै शिक्षकलाई स्थायी गर्न भनिएको उक्त बुँदामा स्वतः स्थायी नभई प्रक्रिया पुऱ्याएर स्थायी गर्न भनिएको छ । उनीहरूले भनेको प्रक्रिया यसअघि भएको सम्झौताअनुसार आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी गरिनुपर्ने माग हो ।

निजामती कर्मचारी र शिक्षकको बीचमा भएको ग्रेडको असमानता मिलान गर्नुपर्ने, विद्यालय कर्मचारीका लागि दरबन्दीको व्यवस्था र स्थायित्व हुनुपर्ने, प्रारम्भिक बालकक्षाका शिक्षकलाई विद्यालय संरचनाभित्र ल्याउने र प्रावि तृतीयसरहको सेवा सुविधा दिनुपर्ने, स्थायी शिक्षकको आवधिक बढुवा र बढुवाको अनुपातमा वृद्धिलगायतका विषय रहेको कुरा पनि शिक्षक महासंघले सरकारसँग राखेको छ ।





२०७५ सालमा गिरिराजमणि पोखरेल, २०७८ मा देवेन्द्र पौडेल, २०८० मा अशोक राई र २०८१ को सुरूतिर नारायणकाजी श्रेष्ठसँग शिक्षक महासंघको सहमति भयो तर कार्यान्वयन भएन । ऐन बनेन त्यही भएर हामी ऐन चाहन्छौं, वार्ता चाहन्नौं ।

● **नानुमाया पराजुली**
सहअध्यक्ष, नेपाल शिक्षक महासंघ

महासंघले सडक आन्दोलन पनि जारी राखेको छ । मंगलबार पनि काठमाडौंको नयाँ बानेश्वर क्षेत्रमा शिक्षकहरूले प्रदर्शन गरे । शिक्षकहरू लगातार आन्दोलनमा रहेपछि अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक र शिक्षामन्त्री विद्या भट्टराई सम्मिलित बैठक मंगलबार नै बस्यो । बैठकअघि नै शिक्षा मन्त्रालयले मन्त्रिपरिषद् बैठकमा लाने प्रस्तावबारेको सूचना बाहिरियो । त्यसपछि नेपाल शिक्षक महासंघले मन्त्रालयले मन्त्रिपरिषद्मा लान लागेको प्रस्ताव शिक्षकको हितमा नरहेको जनायो ।

'अहिले बालविकासका शिक्षकले १७ हजार रूपैयाँ खाइरहेका छन् । अहिले १७ हजार ३०० दिने रे । ३०० थप गर्ने भनियो, त्यो पनि संघबाट दिनु न त भनेको हुँदैन रे,' पराजुलीले भनिन्, 'यसरी मन्त्रालयले तय गरेको रेडिमेट कुरा क्याबिनेटले पास गर्ने भनेको छ । यो शिक्षकको हितमा छैन ।'

⏭ क्रमशः पृष्ठ २ मा

## शिक्षकका माग सम्बोधन गर्न सरकार तयार

**काठमाडौं (प्रस)–** सरकारले आन्दोलनरत शिक्षकका माग सम्बोधन गर्न संसद् अधिवेशन बोलाउने भएको छ । मन्त्रिपरिषद्को मंगलबार साँझ बसेको बैठकले यही वैशाख १२ गते शुक्रबार दिउँसो १ बजेका लागि संसद्को बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

शिक्षकसँग यसअघि भएको सहमति कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको बैठकपछि शिक्षामन्त्री विद्या भट्टराईले जानकारी दिइन् । उनले शिक्षकहरूलाई आन्दोलन छाडेर विद्यालयमा फर्कन आग्रह गरिन् ।

'शिक्षकका समस्या समाधान गर्न वार्ता जारी राख्ने र एसइईको उत्तरपुस्तिका परीक्षण गर्न र कक्षा १२ को राष्ट्रिय परीक्षासमेतको समय भएको अवस्था रहेकोले विरोध र प्रदर्शनका कार्यक्रम स्थगन गरी अभिभावक एवं विद्यार्थीको हितलाई मध्यनजर गरी सम्पूर्ण शिक्षकहरूलाई आ-आफ्नो कार्यथलोमा फर्किन अनुरोध गर्ने निर्णय भएको छ,' बैठकको निर्णय जानकारी दिँदै शिक्षामन्त्री भट्टराईले भनिन् ।
संसद्मा विचाराधीन रहेको शिक्षा विधेयक यथाशक्य चाँडो पारित गर्ने प्रयोजनका लागि संसद् अधिवेशन बोलाउने निर्णय गरिएको उनले बताइन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

# निवर्तमान अध्यक्षसहित दुई पूर्वअध्यक्ष लोकतान्त्रिक एसोसिएसनबाट निष्कासित

## संघको निर्वाचनमा बागी उम्मेदवार उठाएको आरोप



कुमुद खनाल



विमलप्रसाद ढकाल



प्रज्ञान न्यौपाने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले निवर्तमान अध्यक्ष कुमुद खनालसहित दुईजना पूर्वअध्यक्ष र एक संस्थापक उपाध्यक्षलाई कारबाही गरेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको हालै सम्पन्न निर्वाचनमा बागी उम्मेदवार उठाएर एसोसिएसनका उम्मेदवारहरूलाई हराउन लागेको भन्दै उनीहरूलाई साधारण सदस्यतासमेत नरहने गरी निष्कासन गरिएको हो ।

यसरी निष्कासनमा पर्नेमा एसोसिएसनका निवर्तमान अध्यक्ष खनाल, पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, पूर्वअध्यक्ष विमलप्रसाद ढकाल र संस्थापक उपाध्यक्ष सीता देवकोटा छन् । यसअघि उनीहरूलाई चैत २४ गते सचेत गराउनुका साथै २६ गते पुनः एसोसिएसनको निर्णयविपरीत लागेकोबारे २४ घण्टे लिखित जवाफ माग गरिएको थियो । दुवै पत्रलाई बेवास्ता गर्दै जवाफ पेस नगरेपछि एसोसिएसनको मंगलबार बसेको कार्यसमिति बैठकले चारै जनालाई निष्कासन गर्ने निर्णय गरेको अध्यक्ष दीपक थापाले जानकारी दिए ।

'संस्थाको निर्णयविपरीत विपक्षी समूहबाट बागी उम्मेदवार उठाएर एसोसिएसनका उम्मेदवारहरूलाई हराउन लागेकोले उहाँहरूलाई एसोसिएसनको विधान २०६३ को दफा ८९ र १४ बमोजिम यस संस्थाबाट साधारण सदस्यतासमेत नरहने गरी निलम्बन निष्कासन गर्ने निर्णय आजको बैठकले गरेको छ,' मंगलबार बैठकको निर्णयबारे जानकारी दिँदै अध्यक्ष थापाले प्रभावसँग भने ।

⏭ क्रमशः पृष्ठ २ मा

# संघको नवनिर्वाचित कार्यसमितिलाई देउवाले दिए बधाई



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित अध्यक्ष भुवसिंह गुरुङसहितको टिमलाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले बधाई दिएका छन् ।

कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको प्यानलबाट निर्वाचित टिमलाई मंगलबार आफ्नो निजी निवासमा बोलाएर देउवाले बधाई दिएका हुन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका सभापति देउवाले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना दिए ।

भेटमा देउवाले निर्वाचनका बेला असन्तुष्ट भएको पक्षले आफ्नै पार्टीकालाई हराउनतर्फ लागेकाले उनीहरूलाई कारबाही गर्न निर्देशन दिएको संघका महासचिव महेश बस्नेतले बताए । एसोसिएसनका अध्यक्ष दीपक थापाले सभापति देउवालाई नेकपा माओवादी केन्द्रनिकट गणतान्त्रिक मञ्चसँग तालमेलबारे जानकारी दिएका थिए ।

आफूहरूले एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चसँग गठबन्धनको प्रयास गरे पनि प्रगतिशीलले समाजवादीसँग पहिले नै सहकार्यको निर्णय गरेकाले बाध्य भएर माओवादीसँग तालमेल गनुपरेको थापाले प्रस्ट्याएका थिए । भेटका क्रममा एसोसिएसनका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट, संघका पूर्वअध्यक्ष हंसराज वाग्लेलगायतको उपस्थिति थियो ।


## प्रेस विज्ञप्ति

नेपाली कांग्रेसको शुभेच्छुक संस्था **नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**को मिति २०८१/१०/१७ गतेको कार्यसमिति बैठकको सर्वसम्मत निर्णयअनुसार नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ साल चैत २९ गते भएको निर्वाचनका लागि भुवनसिंह गुरूङको नेतृत्वमा उम्मेदवारहरु घोषणा गरिएको अवगत नै छ । लोकतान्त्रिक एशोसिएसनको उक्त संस्थागत निर्णयलाई बेवास्ता गरी केही सदस्यहरूलाई प्रथम उपाध्यक्ष, महासचिव र सदस्य पदमा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी समूहको नरेश गेलाल नेतृत्वको समूहबाट बागी उम्मेदवार बनाई एशोसिएसनद्वारा घोषणा गरिएका उम्मेदवारहरूलाई हराउने गरी लागेको सम्बन्धमा एशोसिएसनका **निवर्तमान अध्यक्ष कुमुद खनाल, पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, पूर्वअध्यक्ष विमलप्रसाद ढकाल र संस्थापक उपाध्यक्ष सिता देवकोटा**लाई मिति २०८१/१२/२४ गते सचेत गराउँदै पत्राचार गरिएको थियो ।

उक्त पत्रलाईसमेत बेवास्ता गरी बागी उम्मेदवारहरूको उम्मेदवारी फिर्ता गर्न नलगाएकोले एशोसिएसनको २०८१/१२/२६ गते बसेको कार्यसमितिको बैठकको निर्णयअनुसार एशोसिएसनको विधानको दफा ९ को उपदफा १ र २२ दफा १४ बमोजिम संस्थाले गरेको निर्णय विपरीत हुने गरी संस्थाको निर्णयविरूद्धको कार्य गरेकोले तपाईंलाई निलम्बन निष्कासनको कारबाही किन नगर्ने ? सोको लिखित स्पष्टीकरण २४ घन्टाभित्र बुझाउन निर्देशन गरिएकोमा सो पत्रकोसमेत कुनै जवाफ नदिएकोले आज मिति २०८२/१/२ गते बसेको कार्यसमितिको बैठकको निर्णयबमोजिम एशोसिएसनको विधान २०६३ को दफा ८९ र १४ बमोजिम निजहरूलाई यस संस्थाबाट साधारण सदस्यतासमेत नरहने गरी निलम्बन निष्कासन गर्ने निर्णय गरिएको जानकारी गराइन्छ ।

**दीपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर, काठमाडौं

# गभर्नर नियुक्तिसम्बन्धी संशोधित मापदण्ड कार्यान्वयन नगर्न सर्वोच्चको अन्तरिम आदेश

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले राष्ट्र बैंकको गभर्नर नियुक्तिका लागि ६५ वर्षे उमेर हद नचाहिने गरी नेपाल सरकारले गरेको मापदण्डमा संशोधनको प्रावधान कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश नित्यानन्द पाण्डेको एकल इजलासले आज उक्त विवादमा नेपाल सरकारका नाममा अल्पकालीन अन्तरिम आदेश गरेको हो । अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने भन्ने विषयमा छलफल गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र गभर्नर छनोट समितिलाई यही वैशाख ७ गते उपस्थित हुन भनेको छ ।

गभर्नरको नियुक्तिका मापदण्डलाई आ-आफ्नो अनुकूल संशोधन गर्न गैरकानुनी भएको उल्लेख गर्दै अधिवक्ता प्रतिभा उप्रेती र विशाल थापाले सर्वोच्चमा रिट निवेदन दायर गरेका थिए । गत फागुन २७ गते अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ३(ग) हटाएर नेपाल सरकारले गभर्नरको नियुक्तिमा उमेरको योग्यताको प्रावधान हटाएको थियो ।

उक्त दफामा कार्यकारी प्रमुखको हकमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको व्यवस्था थियो । रिट निवेदनमा उमेरजन्य योग्यता नै नतोकी आफूले मन पराएको व्यक्तिलाई नियुक्ति गर्न खोजिएको उल्लेख गर्दै उक्त उमेरको योग्यता हटाउने निर्णयसमेत झिकाइ मगाइ बदर गर्न माग गरिएको थियो । साथै, रिट निवेदनमा सरकारको निर्णय बदर गरी नेपाल राष्ट्र बैंकको गभर्नर पदको नियुक्ति गर्दा उमेरजन्य योग्यतासमेत तोकी योग्य व्यक्तिको नियुक्ति गर्नु गराउनु भनी परमादेशसमेत माग गरिएको थियो ।

# पत्रकार श्रेष्ठको 'पशुपतिनाथ, बौद्ध, चावहिल' बुकलेट सार्वजनिक



■ प्रभाव संवाददाता

काठमाडौं- पत्रकार पदम श्रेष्ठद्वारा लिखित 'पशुपतिनाथ, बौद्ध, चावहिल' बुकलेट सार्वजनिक गरिएको छ । काठमाडौं महानगरपालिका-७ को कार्यालयमा नयाँ वर्षका दिन सोमबार आयोजित कार्यक्रममा उक्त बुकलेट सार्वजनिक गरिएको हो । कार्यक्रममा १०१ वर्षीय शताब्दी पुरुष डा.गौरीशंकरलाल दासले बुकलेट सार्वजनिक गरे ।

शताब्दी पुरुष दासले लेखक श्रेष्ठलाई बधाई दिँदै सरहानीय काम गरेको बताए । उनले पशुपतिनाथ, चावहिल, बौद्धलाई समेटेर प्रकाशित पुस्तिकाले हिन्दू र बौद्धलाई समेटेएको धारणा राखे ।

कार्यक्रममा प्रदेशसभा सदस्य श्रीराम लामिछानेले ऐतिहासिक पुरुषको हातबाट विमोचन भएको चारुमति, बौद्ध, पशुपतिनाथ, चावहिल गणेशथान आदिबारे जानकारी गराउनुका साथै यसले सांस्कृतिक, धार्मिक पक्षलाई समेट्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । नेपाली कांग्रेसका क्षेत्रीय सभापति श्यामकिशोरले बुकलेटले स्थानीयस्तरको बारेमा जानकारी गराउने बताए ।

कामपा वडा नं. ७ का वडाध्यक्ष विमलकुमार होडाले उपस्थित सबैलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्दै सबैले एकअर्कासँग हातेमालो गर्दै काम गर्न उत्साहित गरेका थिए । उनले प्रकाशित बुकलेटले पशुपतिनाथ, बौद्ध, चावहिललगायतका धार्मिक स्थलहरूको धर्म, संस्कृति आदिबारे जानकारी दिने बताए । वडा नं. ८ का वडाध्यक्ष आशामान संगतले मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमानदारी र काममा साझेदारी भएर काम गर्दै जाने भन्दै उनले कर्मचारीले शासन व्यक्तिको भन्दा पनि विधिको गर्ने जनाए । साथै, उनले पशुपति, बौद्ध क्षेत्रलाई समेटेर प्रकाशित बुकलेटले धर्म र संस्कृतिलाई झल्काउने धारणा राखे ।

बुकलेटका लेखक तथा पत्रकार श्रेष्ठले विशेषतः प्रकाशित बुकलेटले देश तथा विदेशमा रहेका नेपाली पर्यटकलाई सहयोग पुग्ने आशय व्यक्त गरेका थिए । उनका अनुसार पशुपतिनाथ, बौद्ध महाचैत्य र चावहिल धन्दो चैत्यलाई एकसाथ सुवर्णपुरी सम्पदा क्षेत्रका नामले सम्बोधन गरिने भएकाले यसलाई समेटेर बुकलेट प्रकाशन गरिएको हो । बुकलेटमा पशुनाथ र बौद्धका बारेमा जानकारी समेटिएको बताए । लेखक श्रेष्ठले बुकलेट प्रकाशनमा सहयोग गर्ने सबैलाई धन्यवादा व्यक्त गरे ।

पृष्ठ १ बाट क्रमशः

## विद्यार्थी भर्ना...

आन्दोलनमा रहेका शिक्षकहरूले स्थायी शिक्षकको अस्थायी अवधिको गणना, ऐन जारी भएको मितिलाई निवृत्तिभरणको प्रस्थान बिन्दु मानेर त्योभन्दा अघिकालाई पुरानै प्रणाली र त्यसपछिकालाई मात्रै नयाँ प्रणालीमा राख्नुपर्ने माग अघि सारेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ज) अनुसार आधार भूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकारमा राखिएको छ । त्यसभन्दा पहिल्यै नेपालको संविधानको अनुसूची ८ ले पनि यी तहका विद्यालयहरू स्थानीय सरकारमातहत रहने प्रावधान थियो ।

तर, समयक्रममा कार्यान्वयन हुन थालेपछि संविधानका आधारमा स्थानीय तहहरूले आ-आफ्नै शिक्षा ऐन बनाउँदै शिक्षकहरूको सरुवा, प्रधानाध्यापकहरूको व्यवस्थापन र विद्यालय व्यवस्थापन समितिमा हस्तक्षेप गर्न थालेपछि शिक्षकहरूमा असन्तोष बढ्न थालेको हो । सोही असन्तुष्टिको जग आजसम्मका शिक्षक आन्दोलनको विशेष कारक रहचो । करिब सात वर्ष पुग्दा पनि यो आक्रोश थामिएको छैन, बरु बढ्दो छ ।

शिक्षकहरूको प्रमुख माग भनेको विद्यालय शिक्षालाई संविधानको अनुसूची ९ मा राखिनुपर्ने हो, जहाँ संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको व्यवस्था छ । यसले सबै तहबाट शिक्षा क्षेत्रको जिम्मेवारी समानरूपमा वहन गराउने उनीहरूको भनाइ छ । अहिले रहेको अनुसूची ८ मा भने स्थानीय तहलाई एकल अधिकार दिइने भनिएको थियो, जसमा शिक्षकको असन्तुष्टि छ ।

### भर्ना अभियान प्रभावित

शिक्षकहरू आन्दोलनमा छँदा विद्यालय भर्ना अभियान प्रभावित भएको छ । शिक्षाको पहुँजमा हरेक नागरिकलाई ल्याउने सरकारको नीति छ । सबैका लागि शिक्षा अभियानमार्फत सरकारले विद्यालय उमेर समूहका हरेक बालबालिकालाई अभियान नै सञ्चालन गरेर विद्यालयको पहुँजमा पुऱ्याउने लक्ष्य लिएको छ । तर, शिक्षकहरू १४ दिनदेखि आन्दोलित छँदा विद्यार्थी भर्ना अभियान प्रभावित भएको शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा बताउँछन् ।

विद्यार्थी भर्ना अभियान मंगलबारदेखि सुरू भएको हो । यससँगै एसईइ परीक्षाको कापी जाँच प्रभावित भएको छ । यसले नतिजा सार्वजनिक गर्नमा ढिलाइ हुने चिन्ता बढेको छ । कक्षा १२ को परीक्षा पनि शिक्षकहरूले बहिष्कार गरेका छन् । महासंघकी सहअध्यक्ष पराजुली सरकार शिक्षा ऐन जारी गर्न गम्भीर नबन्दा अप्रिय कदम चाल्नुपरेको बताउँछिन् ।

### शिक्षकका समस्या यथाशीघ्र समाधान गर्न आयोगको आग्रह

राष्ट्रिय मानवअधिकार आयोगले शिक्षकका समस्या वार्ताको माध्यमबाट यथाशीघ्र समाधान गर्न माग सरकारसँग आग्रह गरेको छ । आयोगले शिक्षा जस्तो संवेदनशील क्षेत्रमा देखिएको समस्याको वार्ताबाट समाधान गरी पठनपाठन सञ्चालन गर्न सरकारसँग आग्रह गरेको हो । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'कानुन निर्माणमा सम्बन्धित पक्षसँग पर्याप्त छलफल तथा परामर्श गरी विद्यालय शिक्षासम्बन्धी कानुनलाई समयसापेक्ष बनाउन एवं शिक्षकसँग विगतमा नेपाल सरकारले गरेका सम्झौताको कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।'

आयोगले शिक्षा ऐनलाई समयानुकूल बनाउन, शिक्षा नीतिलाई उत्पादनशील बनाउन तथा यस सम्बन्धमा विगतमा नेपाल सरकारसँग गरिएको सम्झौता कार्यान्वयनको माग राखी नेपाल शिक्षक महासंघद्वारा विगत १३ दिनदेखि काठमाडौंमा जारी आन्दोलन तथा यसबाट बालबालिकाको शिक्षाको अधिकारमा पर्न गएको जनाएको छ । आयोगले शिक्षक आन्दोलनको स्थलगत अनुगमन गरिरहेको उल्लेख गरेको छ ।

'आन्दोलन लम्बिँदै गएमा एसइई परीक्षाको नतिजा, कक्षा १२ को परीक्षा र बालबालिकाको भर्ना अभियानसमेत प्रभावित हुने देखिएको छ, आन्दोलनका कारण माइतीघर क्षेत्रमा विगत १३ दिनदेखि सहज आवागमनमासमेत अवरोध सिर्जना भएको अनुगमनबाट पाइएको छ,' विज्ञप्तिमा भनिएको छ, 'विद्यालयका शिक्षकशिक्षिकाले आफ्नो वृत्तिविकासका साथै संस्थागत हकहितका लागि माग राख्नु, विचार व्यक्त गर्नु, शान्तिपूर्ण प्रदर्शन गर्नु मानव अधिकारको मूल्य मान्यता अनुकूल नै हुन्छ ।' आफ्ना मागहरू सम्बोधन गराउन आन्दोलन नै गर्नुपर्ने वातावरणको सिर्जना हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै विद्यालय बन्द हुँदा बालबालिकाको शिक्षाको अधिकारको सुनिश्चितामा बाधा उत्पन्न हुने देखिएको आयोगले जनाएको छ ।

■■■

## कांग्रेस असन्तुष्ट...

महत्त्वका साथ हेरिएको यो भेटलाई देउवाका स्वकीय सचिव भानु देउवाले भने नियमित भएको बताए । 'भेट भइरहन्छ । यो नियमित हो । खासै नयाँ विषय छैन,' उनले भने । दुई नेताको भेटपछि सशंकित एमाले पनि सकारात्मक सुनिएको छ । मंगलबार सामाजिक सञ्जाल फेसबुकमा एमाले महासचिव शंकर पोखरेलले भनेका छन्, 'नयाँ वर्ष आरम्भसँगै सुरु भएको सरकार परिवर्तनको हल्ला आजबाट अन्त्य भएको छ । अब पुनः नीति, कार्यक्रम र बजेटको तयारीका सन्दर्भमा सरकारलाई सुझाव दिऔं ।'

तर भर्खरै बिदा भएका गभर्नर महाप्रसाद अधिकारीसँग कांग्रेसबाट अर्थमन्त्री रहेका डा. प्रकाशशरण महतसँग 'टसल' परेको थियो । जसकारण यसपटक जसरी पनि कांग्रेस आफूनिकटलाई गभर्नर बनाउन चाहन्छ । यसका लागि कांग्रेसले राजेन्द्र क्षेत्रीदेखि गुणकार भट्टसम्मलाई तयारी गरेको छ । क्षेत्रीलाई गभर्नर बनाउन अर्थ मन्त्रालयले उमेर हदसमेत हटाएको थियो । यद्यपि, मंगलबार नै सर्वोच्च अदालतले अर्थको यो निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ ।

यता प्रधानमन्त्री ओली भने राष्ट्र बैंककी डेपुटी गभर्नर निलम ढुंगाना तिम्सिनालाई नै गभर्नर बनाउन चाहन्छन् । यी दुईमध्ये एकलाई गभर्नर बनाउन बिचौलियासमेत लागेको कांग्रेस महामन्त्री थापाले आरोप लगाए । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले पनि नियुक्तिको विषयमा एमाले र कांग्रेसबीच सन्तुलन कायम हुनुपर्ने बताएका छन् । 'सरकारप्रति कांग्रेसमा बाहिर भनेजस्तो असन्तुष्टि केही छैन । प्रधानमन्त्रीको काम प्रभावकारी भएन भन्ने हो । हाम्रै पार्टीका साथीहरूले पनि काम गर्नुपऱ्यो भन्ने छ । तर अर्को कुरा नियुक्तिहरू सन्तुलित रूपमा जानुपर्छ भन्ने हो । राष्ट्र बैंकको गभर्नरको विषय पनि छ । सरकार प्रमुख भएकोले प्रधानमन्त्री केपी शर्मा ओलीले यस विषयको सम्बोधन गर्नुपर्छ,' प्रवक्ता महतले भने ।

■■■

## संघको निर्वाचनमा...

नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक एसोसिएसनले गत माघ १७ गते संघको निर्वाचनका लागि अध्यक्षमा भुवनसिंह गुरुङसहित अन्य पदका उम्मेदवारहरू सर्वसम्मत निर्णयबाट टुंग्याएको थियो । तर, निवर्तमान अध्यक्ष खनालगायतले उक्त निर्णयको विरोध जनाउँदै एमालेनिकट प्रगतिशील मञ्चको प्यानलबाट चार जनालाई उम्मेदवार बनाएका थिए । एसोसिएसनका पूर्वउपाध्यक्ष सुजितकुमार श्रेष्ठ नरेश गेलाल नेतृत्वको प्यानलबाट प्रथम उपाध्यक्ष, पूर्वकार्यसमिति सदस्य कर्णराज कटुवाल महासचिव तथा कोषाध्यक्ष हिमा गुरुङ र पूर्वकार्यसमिति सदस्य चन्द्रबहादुर लिम्बू सदस्य पदमा उम्मेदवार बनेका थिए । यस्तै एसोसिएसनकै पूर्वकार्यसमिति सदस्य ईश्वरप्रसाद सापकोटाले बागी उम्मेदवार बन्दै सचिव पदमा उम्मेदवारी दिएका थिए । बागी उम्मेदवार बनेकाहरूलाई एसोसिएसनले चैत २६ गते नै संस्थाबाट निष्कासनसहितको कारबाही गरिसकेको छ ।

संघको चैत २९ गते सम्पन्न निर्वाचनबाट अध्यक्षमा लोकतान्त्रिक एसोसिएनका गुरुङ निर्वाचित भए । नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग तालमेल गरेर निर्वाचनमा गएको लोकतान्त्रिकका अधिकांश उम्मेदवार विजयी भए पनि प्रथम उपाध्यक्ष, कोषाध्यक्ष र दुई सदस्य पद गुमाउन पुगेको थियो । प्रथम उपाध्यक्षमा बागी उम्मेदवार बनेका श्रेष्ठ विजयी भए । उनले लोकतान्त्रिक एसोसिएसनका उम्मेदवार नरेन्द्रप्रसाद ढकाललाई पराजित गरेका थिए । कोषाध्यक्षमा गुरुङ प्यानलका विक्रम श्रेष्ठले गेलाल प्यानलकी धनु सिञ्जालीसँग हार व्यहोरेका थिए ।


साउदी/युएइ/ओमनमा रोजगार

कम्पनी : FOOD LAND CO ONE PERSON COMPANY — सेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/१२/२७ — LT. No. 321850 — चलानी नं. ६०२३५९६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAN SQUARE INTERIORS LLC — सेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८१/१२/२५ — LT. No. 321724 — चलानी नं. ६०२३५८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER | 1 | 0 | 1200 | ४४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PLASTER | 4 | 0 | 1200 | ४४,८३० | | | | | | | |
| 3 | STEEL FIXER | 4 | 0 | 1200 | ४४,८३० | | | | | | | |
| 4 | CONSTRUCTION CARPENTER | 4 | 0 | 1200 | ४४,८३० | | | | | | | |

कम्पनी : HILL HOUSE GLOBAL — सेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८२/०१/०२ — LT. No. 322012 — चलानी नं. ६०२३६०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOREIGN FOOD COOK | 5 | 0 | 150 | ५३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ARABIC FOOD COOK | 5 | 0 | 150 | ५३,४६० | | | | | | | |

कम्पनी : HILL HOUSE GLOBAL — सेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/१२/२६ — LT. No. 321764 — चलानी नं. ६०२३५९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GRILLED FISH MAKER | 5 | 0 | 150 | ५३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GRIL. MEAT MAKER | 5 | 0 | 150 | ५३,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १० गते (23rd Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, ०३ वैशाख, २०८२

| | |
|---|---|
| मेष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| वृष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| सिंह | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| धनु | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| मकर | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कुम्भ | रोकिएका काम सम्पादन हुनेछ । |
| मीन | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ वैशाख, २०८२ (१६, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.३७ | १३७.९७ |
| युरो | १ को | १५६.४६ | १५७.१४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.२७ | १८२.०७ |
| स्विस फ्रैन्क | १ को | १६७.६९ | १६८.४२ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८७ | ८७.२५ |
| क्यानाडियन डलर | १ को | ९९.१५ | ९९.५८ |
| सिङ्गापुर डलर | १ को | १०४.४२ | १०४.८८ |
| जापानी येन | १० को | ९.६० | ९.६४ |
| चिनियाँ युआन | १ को | १८.७९ | १८.८७ |
| साउदी अरब रियाल | १ को | ३६.६० | ३६.७६ |
| कतारी रियाल | १ को | ३७.६८ | ३७.८५ |
| थाई भाट | १ को | ४.१० | ४.११ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.४० | ३७.५६ |
| मलेसियन रिङेट | १ को | ३१.११ | ३१.२५ |
| दक्षिण कोरियन वन | १०० को | ९.६७ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १४.२२ | १४.२८ |
| डेनिस क्रोनर | १ को | २०.९५ | २१.०४ |
| हङकङ डलर | १ को | १७.७१ | १७.७९ |
| कुवेती दिनार | १ को | ४४७.९३ | ४४९.८९ |
| बहराइन दिनार | १ को | ३६४.४३ | ३६६.०२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बिस्का जात्राको रौनक



















१) र २) हरेक वर्ष वैशाख २ गते बिस्का जात्राको अवसरमा भक्तपुरको मध्यपुर थिमि बोडेमा मंगलबार जिब्रो छेड्ने जात्रामा जिब्रो छेडाउँदै र छेडाइसकेपछि जात्रामा सहभागीमाझ प्रदर्शन गर्दै मध्यपुरथिमि नगरपालिका-८ बोडेका स्थानीय २८ वर्षीय सुजनबाग श्रेष्ठ । उनले लगातार तेस्रो वर्ष जिब्रो छेडेर जात्रालाई निरन्तरता दिएका छन् ।

३) भक्तपुरको मध्यपुर थिमि नगरपालिका-८ बोडेमा मंगलबार बिस्का जात्रा मनाउँदै स्थानीय ।

४) र ५) मध्यपुर थिमिमा मनाउने बिस्का जात्रामा विभिन्न देवदेवीको खट जात्रा गरिँदै । यस जात्रालाई ३२ खटको जात्रा वा भुई सिन्ह (सिन्दूर) जात्रा भनी प्रख्यात रहेको छ ।

६) बिस्का जात्रामा भुइसिन्ह (अबिर) सिन्दूर खेल्दै ।

*तस्बिरहरू: रासस*


## डिभिजनल वन अधिकृत
**डिभिजन वन कार्यालय, काठमाडौं**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८२/०१/०३**

यस कार्यालयद्वारा मिति २०८१/१०/०७ गतेको गोरखापत्रमा प्रकाशित "Construction of Subdivision Forest Office, Nagarjun" खरिद गर्नको लागि आहवान भएको सूचना बमोजिम (E-bidding/eGP) बोलपत्र मार्फत प्राप्त भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२), (३) र (५) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र दाता | कामको प्रकृति | कुल कबोल रकम (मु. अ.क. सहित) |
|---|---|---|---|
| १ | Hans Construction & Suppliers Pvt. Ltd | Construction of building | १,८१,३८,८०१.१३ |



लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
राप्ति उपत्यका (देउखुरी)
भालुवाङ, दाङ

### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०१।०३

यस स्वास्थ्य निर्देशनालयको चालु आ. ब. २०८१।८२ का लागि "बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सम्बन्धी क्षमता अभिवृद्धि पुस्तिका र आमाको दूधलाई प्रतिस्थापन गर्ने बस्तु (विक्री वितरण नियन्त्रण) ऐन २०४९ सम्बन्धी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि पुस्तिका" छपाई कार्यका लागि शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले सम्बन्धित विषयका इच्छुक फर्म, कम्पनी वा संस्थाले यस निर्देशनालय रहेको स्थान भालुवाङ दाङबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरभाउ पत्र खरिद गरी १६ औ दिनको १२ वजे भित्र रीतपूर्वक शिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस निर्देशनालयको website: https://hd.lumbini.gov.np वा फोन नं ०८२-५९०४३५, ०८२-५९०४३४ मा सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

**स्वास्थ्य निर्देशनालय, लुम्विनी प्रदेश**



Reliable Nepal Agro Limited
## रिलायबल नेपाल एग्रो लिमिटेड
**Reliable Nepal Agro Limited**
01-4534500 | 056-494157
www.reliablenepalagro.com
info@reliablenepalagro.com
Baluwatar-4, Kathmandu

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२ वैशाख ०३ गते)**

यस रिलायबल नेपाल एग्रो लिमिटेडको मिति २०८१ चैत्र २९ (तदनुसार 11th April 2025) गते बसेको २८ औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं रितपुर्वक प्रतिनिधि वा शेयरधनी स्वयं उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल वैशाख २५ गते, बिहिबार (तदनुसार 8th May 2025, Thursday)
समय : बिहान ११:०० बजे ।
स्थान : केन्द्रीय कार्यालय, काठमाडौं (अनलाईन माध्यमबाट सहभागी हुन चाहने शेयरधनी महानुभावहरुले Zoom Meeting को ID/Password को लागि सम्पर्क गर्न अनुरोध छ) ।

**छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०८०/०८१ पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण लगायतका सम्पूर्ण सम्बन्धित वित्तीय विवरणहरु पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समितिको निर्वाचन सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु**
१. यस कम्पनीको हाल कायम रहेको जारी पुँजी वृद्धी गरी ५०,००,००,०००।०० बढाउने सम्बन्धमा ।
२. विविध ।

**सञ्चालक समितिको आज्ञाले कम्पनी सचिव**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पानीमाथिको ओभानो बन्नु अर्थहीन

सबैभन्दा ठूला दुई दल मिलेर सरकार बनेको नौ महिना पूरा भयो । सामान्यतया नेपालमा सरकार बनेको नौ महिना नाघेमा एक किसिमको स्थिरता नै मानिन्छ । यसपटक सबैभन्दा ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनेको छ। दुई दल मिलेर बनेको सरकारले सुशासन र स्थायित्व दिने वाचा कसेको थियो । तर दिनहुँजसो सरकार परिवर्तनको हल्लामै नौ महिना बितेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता पनि गरेको थिए । बेलाबेला मन्त्रीहरू असक्षम भए भनेर हटाउने चर्चा पनि चल्यो।

कहिले सरकार नै ढल्ने चर्चा पनि चल्यो। अखबार होस् या सर्वसाधारणको गफको विषय नै यही सरकार जोगिन्छ कि ढल्छ भन्ने विषयमै बित्यो नौ महिना। केही पनि काम गर्न नसके पनि सरकार जोगाएरै राखेको रेकर्ड वर्तमान सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री ओलीले गरेका छन्। आफैं सरकारमा भएको दलले विपक्षी दलको खबरदारी खप्न नसकेर सडकमै शक्ति प्रदर्शन गर्न भने पछि परेन प्रधानमन्त्री ओलीको दल । कांग्रेस पनि कम्तीको देखिएन यसपटक । सामान्यतया कांग्रेस गफ नगर्ने, काम गर्ने पार्टी भनेर बताइन्छ । यसपटक भने कांग्रेसले सरकारमै बसेर सरकारको सत्तोसराप गरेर दिन बिताइरहेको छ।

यो काममा सबैभन्दा अघि छन् संस्थापनइतरका नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापा। यी दुवै नेताको दैनिकी हो – मञ्चमा पुग्नसाथ सरकारलाई तथानाम भन्ने। हुन त कोइराला खेमाबाट सरकारमा तीन जना मन्त्री सहभागी छन्। तिनले सरकारमा गएर काम त गरेनन् नै तर बदनाम भने गरे। नेपाल विद्युत् प्राधिकरणका कुशल नेतृत्व गरिरहेका कुलमान घिसिङलाई हटाएर।

आफू कामै नगर्ने, आफ्ना मन्त्रीले कामै नगर्ने । अनि सरकारमा बसेकालाई सत्तोसराप गरेर कांग्रेस नेताहरूले दिउँसै रात पार्ने काम गरिरहेका छन्। हुन त यसलाई कला पनि मान्नुपर्छ । कांग्रेस नेताहरूले यतिको कला प्रदर्शन गर्न सक्नु भनेको नौलो कुरा हो। कांग्रेसका नेताहरू एमालेमात्र सरकारमा रहेझैं बोल्नसक्नु भनेको बहादुरी नै मान्नुपर्छ । तर, यसरी जनतालाई अन्योलमा कहिलेसम्म ? सत्तासहयात्री दलले काम सघाउने कि आलोचनामात्र गर्ने ? काम त गरेन, गरेन । जनतालाई पानीमाथिको ओभानो छु भनेर देखाउने चर्को प्रयास नगरेकै राम्रो।

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

# वर्ष २०८१: नेपाली खेलकुदलाई फर्केर हेर्दा



■ राजु सिलवाल

भलिबल, क्रिकेट, कबड्डी, फुटबलजस्ता खेलको व्यावसायिक प्रतियोगिता आयोजना हुनु मुलुककै खेलकुद विकासका लागि उल्लेखनीय मानिएको छ । यस्तै फुटबल, क्रिकेटजस्ता खेलमा केही खेलाडीले विदेशी क्लबमा आबद्ध रहेर खेल्न पाउनु पनि नेपालका लागि गौरवको विषय बन्ने नै भयो । विगतको तुलनामा प्रतियोगिताहरूको आयोजना तथा अन्तर्राष्ट्रिय सहभागिता घटेता पनि एक वर्षमा केही उल्लेखनीय नतिजा पनि हासिल भएका छन् । पारा ताइक्वाण्डो खेलाडी पलेशा गोवर्धनले इतिहासमै पहिलोपटक पारा ओलम्पिकमा कास्य पदक जित्नु महत्त्वपूर्ण उपलब्धि थियो ।

नेपाली खेलकुद क्षेत्रमा व्यावसायिक अभ्यासका लागि २०८१ साल महत्त्वपूर्ण वर्षका रूपमा रह्यो । भलिबल, क्रिकेट, कबड्डी, फुटबलजस्ता खेलको व्यावसायिक प्रतियोगिता आयोजना हुनु मुलुककै खेलकुद विकासका लागि उल्लेखनीय मानिएको छ । यस्तै फुटबल, क्रिकेटजस्ता खेलमा केही खेलाडीले विदेशी क्लबमा आबद्ध रहेर खेल्न पाउनु पनि नेपालका लागि गौरवको विषय बन्ने नै भयो । विगतको तुलनामा प्रतियोगिताहरूको आयोजना तथा अन्तर्राष्ट्रिय सहभागिता घटेता पनि एक वर्षमा केही उल्लेखनीय नतिजा पनि हासिल भएका छन् । पारा ताइक्वाण्डो खेलाडी पलेशा गोवर्धनले इतिहासमै पहिलोपटक पारा ओलम्पिकमा कास्य पदक जित्नु महत्त्वपूर्ण उपलब्धि थियो ।

यस्तै देशको प्राथमिकतामा पर्न नसकेको 'खोखो' खेलको विश्व च्याम्पियनसिपमा नेपाल उपविजेता बन्नु, कराते खेलाडी एरिका गुरुङले अस्ट्रेलियन ओपन कराते च्याम्पियनसिपमा स्वर्ण पदक जित्नुजस्ता सफलताले मुलुकलाई गौरवान्वित बनाएको छ । क्रिकेटर सन्दीप लामिछानेले 'टि-२०' अन्तर्राष्ट्रिय क्रिकेटमा १०० विकेटको रेकर्ड पुऱ्याएर विश्वमै छिटो विकेट लिनेहरूमा दोस्रो स्थानमा पुग्न सफल हुनु, कतारविरुद्धको खेलमा दीपेन्द्रसिंह ऐरीद्वारा एक ओभरमा छ छक्का प्रहारजस्ता कीर्तिमान साधारण उपलब्धि होइनन् । यसै अवधिमा काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट रंगशालामा राति पनि खेल सञ्चालनका लागि 'फ्लडलाइट' जडान तथा १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण एंव रूपन्देहीको तिलोत्तमा नगरपालिकामा व्यक्तिगत तवरबाट बनाइएको क्रिकेट रंगशालाको निर्माण सम्पन्न हुनुजस्ता प्रगति पनि भएका छन् ।

तीनपटक मिति घोषणा भएर पनि दशौं राष्ट्रिय खेलकुद आयोजना हुन नसक्नु, नेपाल ओलम्पिक कमिटीमा तालाबन्दी हुनु, कयौं खेलका राष्ट्रिय प्रतियोगिता नहुनु, प्रदेशस्तरमा खेलका गतिविधि सन्तोषजनक नहुनुजस्ता अप्रिय सन्दर्भ पनि खेलकुद क्षेत्रमा नभएका होइनन् । गत असोज १२ गते परेको भीषण पानी तथा त्यसपछिको बाढीपहिरोमा परी मकवानपुरस्थित एन्फा एकेडेमी फुटबल प्रशिक्षणमा रहेका छजना बालकको दुःखद निधन पनि यो सालको बिर्सिन नसकिने घटनाका रूपमा लिनुपर्दछ । प्रस्तुत सामग्रीमा २०८१ सालको खेलकुदसम्बन्धी केही प्रमुख प्रसंग उल्लेख गरिएको छ ।

## पारा ओलम्पिकमा पहिलो पदक

सन् २०२२ मा चीनमा भएको पारा एसियाली खेलकुदमा पहिलो ऐतिहासिक कास्य पदक जितेर चर्चामा आएकी पलेशा गोवर्धनले आफ्नो इतिहासलाई दोहोऱ्याएकी छन् । सन् २०२४ मा फ्रान्सको राजधानी पेरिसमा ओलम्पिक खेलकुद सम्पन्न भएलगत्तै आयोजित पारा ओलम्पिकमा नेपाली खेलाडी गोवर्धन कास्य पदक जितेर मुलुकलाई पहिलोपटक पारा ओलम्पिकको आधिकारिक पदक दिलाउन सफल भइन् । उनले महिला ५७ केजी तौल समूहको 'रिपाचेज'को फाइनलमा सर्बियाकी खेलाडीलाई पराजित गरी पदक जितेकी थिइन्। उनी पहिलो खेलमा भेनेजुयलाकी खेलाडीलाई पराजित गर्दै 'क्वाटर फाइनल'मा प्रवेश गर्न सफल भएकी हुन् । उनी क्वाटरफाइनलमा ब्राजिलकी खेलाडीसँग भने हारेकी थिइन् । रिपाचेज चरणमा फ्रान्स र सर्बियाकी खेलाडीलाई हराएर पलेशा नेपालको पहिलो ओलम्पिक पदकको हकदार बनेकी हुन् ।

## ओलम्पिकमा कमजोर सहभागिता

पेरिसमा सम्पन्न ओलम्पिकमा नेपालको १५औं सहभागिता रहे पनि उपलब्धि भने नगन्य रहृयो। छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउन पुगेका नेपालका पहिलो टेबुल टेनिस खेलाडी स्याण्टु श्रेष्ठ सेनेगलका खेलाडीसँग '४-०'को सोझो सेटले पराजित भएका थिए ।

महिला म्याराथनमा धाविका सन्तोषी श्रेष्ठ ७९औं भएकी थिइन् । उक्त प्रतिस्पर्धामा ९२ जनाको सहभागिता रहेको थियो । नेपाली स्विमिङ खेलाडी एलेक्जेण्डर शाह पुरुषको १०० मिटर दूरीको 'फ्रिस्टाइल इभेन्टस'मा हिट्स प्रतिस्पर्धामै सीमित रही कूल सहभागीहरूमध्ये ५९औं स्थानमा रहे । २०० मिटर दूरीको महिला फ्रिस्टाइलमा डुबाना लामा पनि हिटसका प्रतिस्पर्धीहरूमध्ये पुछारमा रहेकी थिइन् । जुडोमा मनिता श्रेष्ठ पहिलो भिडन्तमै सर्बियाकी खेलाडीसँग '१०-०' अंकले हार्न पुगिन् । यस्तै सुटिङ खेलतर्फ १० मिटर दूरीको एयरराइफल इभेन्टसमा सुस्मिता नेपाल ४२औं स्थानमा पुगेकी थिइन् । ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल डेनमार्क, आयरल्याण्ड तथा इजरायलका खेलाडीसँग पराजित भएका थिए । ओलम्पिकमा नेपाली खेलाडीहरूले उचित खेल प्रदर्शन गर्न सक्ने सम्भावना भएका खेलको पदक लक्षित दीर्घकालीन प्रशिक्षण सञ्चालन नगरेसम्म ओलम्पिकमा निरन्तर सहभागिताबाट खासै नतिजा नआउने सन्देश पेरिसमा नेपाली खेलाडीहरूको प्रदर्शनले दिएको थियो ।

## ओलम्पिक कमिटीमा ताला

अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको प्रतिनिधित्व गर्ने आधिकारिक संस्था नेपाल ओलम्पिक कमिटीको कार्यालयमा ताला लाग्नु पनि यस वर्षको खेलकुदजगत्का लागि दुःखद घटना बन्न पुग्यो । युवा तथा खेलकुद मन्त्रालयको निर्देशनमा सो ताला लगाइएको थियो । ओलम्पिक कमिटीको केही समयअघि सम्पन्न निर्वाचनप्रति असहमति जनाउँदै कार्यालयमा ताला लगाइएको थियो । नेपालले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा ओलम्पिक कमिटीको झण्डामुनि सहभागिता जनाउँदै आइरहेको छ । ओलम्पिक कमिटीका नयाँ निर्वाचित टोलीलाई हालसम्म सरकारका तर्फबाट मान्यता प्रदान गरिएको छैन । यसले गर्दा नेपालमा ओलम्पिक गतिविधिलाई गम्भीर असर पर्नाका साथै आगामी वर्ष पाकिस्तानमा आयोजना हुने दक्षिण एसियाली खेलकुदलगायतका अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिता अन्योल पर्न सक्ने देखिएको छ ।

## बिर्सन नसकिने फुटबल

विगतमा ओझेलमा परेको महिला फुटबल विस्तारै लयमा फर्कंदै छ । तर साफ महिला च्याम्पियनसिप फुटबलको फाइनलमा केही वर्षदेखि नै पराजय भोग्दै आइरहेको नेपाली टोली २०८१ सालमा पनि उपाधि विजेता बन्न सकेन । नेपाली टोलीले यस प्रतियोगिताको फाइनलमा पराजय ब्यहोरेको छपटक भइसकेको छ । घरेलु मैदानमा दशौं हजार दर्शकको उपस्थितिमा नेपाली टोलीले राम्रो प्रदर्शन गर्दागर्दै पनि बंगलादेशको टोलीसँग हार ब्यहोर्नुपरेको थियो । यसअघि सन् २०२२ मा नेपाल बंगलादेशसँग नै फाइनलमा पराजित भएको थियो । नेपाली टोलीको पराजय भएपछि नेपाली फुटबल प्रेमीहरूको चित्त बुझाउन कठिन भयो । यसअघि फाइनलमा भारतसँग चारपटक हार ब्यहोर्न परेको नेपाली टोलीले यसपटक भने सेमीफाइनलमा भारतविरुद्ध व्यापकरूपमा दबाब दिएर पराजित गर्दै फाइनलमा पुगेको थियो ।

## फेरि उपविजेता

चारवटा मुलुकका टोलीहरूको सहभागिता रहेको 'फोर नेसन्स' महिला फुटबल प्रतियोगितामा पनि नेपाल उपविजेतामै सीमित हुनपुग्यो । प्रतियोगिताका सहभागी टोलीहरू कीर्गिस्तान, लेबनानलाई पराजित आफ्नो बलियो उपस्थिति देखाएको नेपालले म्यानमारसँग बराबरी खेल खेल्दै फाइनलमा पुगेको थियो । अन्तिम प्रतिस्पर्धामा नेपाल म्यानमारसँग पराजित हुन पुगको थियो ।

## एउटै प्रतियोगिता खेल्दा लाखौं रूपैयाँ

नेपालकै पहिलो फ्रेन्चाइज खेलकुद प्रतियोगिता मानिएको नेपाल सुपर लिग फुटबल प्रतियोगिता एनएसएलको तेस्रो संस्करण पनि व्यावसायिक खेलको दृष्टिकोणले महत्त्वपूर्ण मानिएको छ । फुटबलका लागि पहिलोपटक अक्सन गरिएको यो प्रतियोगितामा नेपाली पुरुष खेलाडीहरू एउटै प्रतियोगिताका लागि डेढ लाखदेखि चार लाख रूपैयाँमा अनुबन्ध भई विभिन्न मुलुकका ख्यातिप्राप्त खेलाडीहरूसँग एउटै टोलीमा रहेर खेल्दै छन्। विदेशी खेलाडीलाई अझ धेरै पारिश्रमिक दिएर नेपालमा खेल्न आमन्त्रण गरिएको छ । २०८२ साल मंसिरमा महिलाहरूको पनि फ्रेन्चाइज लिग हुने भएपछि महिला खेलाडीहरूमा पनि उत्साह थपिएको छ ।

## भलिबलतर्फको सफलता

भलिबललाई नेपालको राष्ट्रिय खेल घोषणा गरिएपछि यसको गतिविधि र सफलता बढ्दै गएको छ । २०८१ सालमा पनि भलिबलमा विभिन्न उपलब्धि हासिल भएका छन् । नेपालले सेन्ट्रल एसियन भलिबल एसोसिएसन काभा महिला भलिबल लिग नेसन्स च्याम्पियनसिपमा दोस्रो स्थान हासिल गरेको थियो । लिग चरणमा श्रीलंका, माल्दिभ्स र भारतलाई पराजित गर्न सफल नेपाली टोलीले सेमिफाइनलमा इरानलाई पराजित गरेको थियो । नेपाली टोली आफूले लिग चरणमा हराइसकेको भारतीय टोलीसँग फाइनलमा हारेर उपाधि जित्नबाट वञ्चित भएको थियो ।

माल्दिभ्समा भएको काभा महिला भलिबल क्लब च्याम्पियनसिपमा नेपाल पुलिस क्लबले उपाधि जितेको थियो । उज्वेकिस्तानको हुमो भलिबल क्लबलाई पराजित गरेर प्रतियोगिता च्याम्पियन बनेको नेपाली टोलीले लिग चरणकै पाँचवटा खेल जितेर उपाधि हात पार्न सफल भएको थियो । नेपालको पुरुष 'टी-२०' भलिबल टोली काभा पुरुष भलिबल च्याम्पियनसिपको कोलम्बोमा भएको फाइनलमा उज्वेकिस्तानसँग पराजित भई दोस्रो भएको थियो ।

## एनपिएल क्रिकेटको रौनक

अन्तर्राष्ट्रियस्तरमा नेपाललाई चिनाउने प्रमुख खेलमा क्रिकेट पर्दछ । क्रिकेटका लागि २०८१ साल व्यस्तताको वर्ष रहृयो । नेपाली दर्शकहरू नेपाली क्रिकेट खेलाडीहरूको टी-२० विश्वकप खेल हेर्न अमेरिकासमेत पुगेबाट नेपालमा क्रिकेटको लोकप्रियता कति रहेछ भनेर आकलन गर्न सकिन्छ ।

नेपालमा यो वर्ष आयोजना भएका खेलकुद प्रतियोगितामध्ये दिनहुँ अत्यधिक दर्शकहरूको उपस्थिति रहेको नेपाल प्रिमियर लिग एनपिएलको क्रिकेटको रौनक पनि बिर्सन नसक्ने घटनाका रूपमा रहृयो । नेपाली तथा विभिन्न मुलुकका ख्यातिप्राप्त क्रिकेट खेलाडीहरूले एकसाथ निजी क्षेत्रको लगानी रहेको एनपिएलको पहिलो संस्करणमा प्रतिस्पर्धा गरेका थिए । काठमाडौंमा नेपाल क्रिकेट संघले आयोजना गरेको घरेलु प्रतियोगितामध्ये सबैभन्दा ठूलो प्रतियोगिता मानिएको एनपिएलमा खेलाडीहरूको पारिश्रमिक तथा पुरस्कारमै मात्र करोडौं रूपैयाँ खर्च गरिएको थियो ।

विभिन्न अन्तर्राष्ट्रिय क्रिकेट खेलाडीहरूलाई आकर्षक पारिश्रमिक दिएर खेल्न आमन्त्रण गरिएको एनपिएलमा नेपाली मार्की खेलाडीहरूले हालसम्मकै उच्च २० लाख रूपैयाँ पारिश्रमिक पाएका थिए । पहिलो संस्करणको उपाधि जितेर जनकपुर बोल्डस टोलीले एक करोड १० लाख रूपैयाँ हात पार्न सफल भएको थियो । उक्त टोलीले फाइनलमा सुदूरपश्चिम रोयल्स टोलीलाई पाँच विकेटले हराएको थियो । प्रतियोगिताको उपविजेता सुदूरपश्चिम रोयल्स टोलीले ५१ लाख रूपैयाँ पुरस्कार पाएको थियो भने सो टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले प्रतियोगिताकै उत्कृष्ट खेलाडी बन्दै मोटरकार पुरस्कार प्राप्त गरेका थिए ।

## दक्षिण अफ्रिकासँग एक रनले हार

नेपाली क्रिकेट टोलीले २०८१ सालमा आइसिसी 'टी-२०' विश्वकप क्रिकेट प्रतियोगिताको समूह चरणको खेल खेल्ने अवसर प्राप्त गऱ्यो । नेपालले अमेरिका र वेस्ट इण्डिजमा भएको कूल चारवटै खेलमा जित्न नसकी लिग चरणबाटै बाहिरिएको थियो । नेपाल तीन खेलमा पराजित हुन पुगेको थियो भने श्रीलंकासँगको खेल वर्षाको कारण रद्द भएपछि दुवै टोलीले एक-एक अंक पाएका थिए । दक्षिण अफ्रिकासँगको खेलमा नेपाली टोलीले सशक्त खेल प्रस्तुत गर्दै एक रनले मात्र पराजित भएको थियो ।

## महिलाको सशक्त उपस्थिति

'यू-१९' महिला क्रिकेट टोलीले मलेसियामा टी-२० विश्वकप खेल्न पाउनु नेपाली खेलकुदको अर्को सफलता मानिएको छ । युगाण्डामा आयोजित क्रिकेट प्रतिस्पर्धामा नेपाली महिला खेलाडीहरूले चार खेल जितेर पहिलोपटक मुलुकलाई विश्वकपमा छनोट गराउन योगदान गरेका थिए ।

## व्यक्तिगत लगानीमा रंगशाला

रूपन्देहीको तिलोत्तमा नगरपालिकामा नागरिक कस्तरबाट व्यक्तिगत लगानीमा क्रिकेट रंगशाला निर्माण गरी प्रतियोगिता र प्रशिक्षण सुरु हुनुलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । गुल्मीका विनोद कुँवरले व्यक्तिगत लगानीमा निर्माण सम्पन्न गरेको एक्स्ट्राटेक ओभल क्रिकेट रंगशालामा राति पनि खेल सञ्चालन गर्न फ्लड लाइटको व्यवस्था गरिनु अझ खुसीको विषय हो । यस रंगशालामा एक वर्षको अवधिमा १०० भन्दा बढी खेल सञ्चालन भइसकेका छन् ।

## हुन नसकेको राष्ट्रिय खेलकुद

वि.सं. २०८१ मा १०औं राष्ट्रिय खेलकुदको मिति तीनपटक घोषणा भएता पनि प्रतियोगिता भने हुन नसक्नु दुःखद पक्ष मानिएको छ । सरकारले राष्ट्रिय खेलकुदका लागि कूल ६० करोड रूपैयाँ विनियोजन गरेको थियो । राष्ट्रिय खेलकुद परिषद्ले २०८१ साल मंसिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमा उक्त प्रतियोगिता आयोजना गर्ने घोषणा गरेको थियो । तर तयारी नपुगेको जनाउँदै परिषद् बोर्ड बैठकले २०८१ साल चैत २३ देखि ३० गतेसम्मका लागि उक्त प्रतियोगिताको मिति सारेको थियो । तर चैतमा पनि हुन नसकेपछि २०८२ जेठ ३ गतेदेखि १० राष्ट्रिय खेलकुद तयारी नपुगेको भन्दै पुनः स्थगित भएको थियो । जेठमा प्रतियोगिता गर्दा मौसम प्रतिकूल हुने कारण पनि जनाइएको छ ।

अब जेठमा पनि नहुने भएपछि राष्ट्रिय खेलकुद अन्योलमा परेको छ । २०३८ सालमा सुरु भएको राष्ट्रिय खेलकुद तीन दशक भइसक्दा पनि नवौं संस्करणमात्र सम्पन्न हुनु नेपाली खेल पदाधिकारीहरूको ठूलो कमजोरी मान्न सकिन्छ ।

नेपालमा खेलकुदको संस्थागत विकास भएको लामो समय भइसक्दा पनि दीर्घकालीन योजना प्रभावकारी हुन सकेको छैन । खेलकुदमा लगानीको दृष्टिकोणमा प्रतिफल सन्तोषजनक छैन । मुलुकका युवालाई अनुशासित बनाउने तथा विश्व मानचित्रमा देशलाई चिनाउने माध्यम मानिएको खेलकुदलाई सरकारले यथोचित प्राथमिकता दिएर आवश्यक योजनाअघि बढाउनुपर्दछ । देशभर खेलकुदमय वातावरण बनाउँदै विद्यालय तहसम्म खेल प्रशिक्षणलाई विस्तार नगरिएसम्म नेपाल जुनसुकै स्तरको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भए पनि उपलब्धिविहीन हुनसक्ने जोखिम कायम छ । ओलम्पिक तथा एसियाली खेलकुदजस्ता महत्त्वपूर्ण प्रतियोगिता लक्षित लामो अवधिको प्रशिक्षण सञ्चालन नगरिएसम्म नेपालको अन्तर्राष्ट्रिय सहभागिता, सहभागितामै सीमित नहोला भन्न सकिन्न ।

यसैगरी, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्जस्ता जिम्मेवार निकायले नेपालमा खेलेर पनि बाँच्न सकिने परिस्थितिको सिर्जना गर्नका लागि विशेष अभियान नै सञ्चालन गर्नुपर्ने आवश्यकता भइसकेको छ । यदि यसो गर्न सकिएमा २०८१ सालमा जस्तै आगामी वर्षहरूमा हाम्रा प्रतिभाशाली खेलाडीहरूको विदेश पलायन हुने दर न्यूनीकरण तथा नियन्त्रण गर्न सकिने छ । समग्रमा खेलकुदमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रतिष्ठा र पहिचान अभिवृद्धि गर्न सकिन्छ । *रासस*

# श्रम अदालत नहुँदा बारा-पर्सा औद्योगिक करिडोरका श्रमिक समस्यामा

■ हिमाल लम्साल

**वीरगञ्ज (पर्सा)**– बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा श्रमिक र रोजगारदाताबीचको कानुनी उपचार खोज्नका लागि संघीय राजधानी काठमाडौं धाउनुपर्ने बाध्यता कायमै छ ।

यसबाट श्रमिक र रोजगारदाताको समय र खर्च दुवै बढी हुने कारणले पनि न्यायको पहुँचसम्म पुग्न हिच्किचाइरहेको अवस्था छ । मुलुकभरकै श्रमिक तथा रोजगारदाताहरू श्रमसम्बन्धी मुद्दा लिएर श्रम अदालत काठमाडौं जाँदा अदालतमा पनि मुद्दाको चाप बढी हुँदा न्याय प्राप्तिका लागि धेरै समय खर्चिनुपर्ने बाध्यता पनि थपिएको छ ।

नेपाल ट्रेड युनियन कांग्रेस मधेस प्रदेशका पूर्वअध्यक्ष लक्ष्मण कुर्मी बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा यहाँका मजदुरले ठूलो समस्या झेल्दै आइरहेको बताउँछन् । 'उद्योगी र व्यवसायीबाट पीडित भएको श्रमिक न्याय खोज्नकै लागि श्रम अदालत काठमाडौं धाउनुपर्ने समस्या यथावत् नै छ,' उनले भने, 'बिहान-साँझ श्रम गरेर खानुपर्ने श्रमिक आफ्ना सबै कुरा छाडेर कानुनी उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यताको अन्त्य गर्न जरुरी भइसकेको छ । हामीले पटक-पटक बारा-पर्सा औद्योगिक करिडोर क्षेत्रलाई समेट्नेगरी श्रम अदालत स्थापना गर्न माग गरिसक्यौं, तर अहिलेसम्म पनि कार्यान्वयन हुनसकिरहेको छैन ।'

अध्यक्ष कुर्मीले अहिले पर्साकै कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया पर्साकै भएकाले पनि उनले पहलकदमी गरेको खण्डमा श्रम अदालत वीरगञ्जमा ल्याउन सकिने बताए । 'पर्साबाटै निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्य कानुनमन्त्री बन्नुभएको छ । पक्कै पनि उनले पहलकदमी गरेको खण्डमा श्रम अदालत बनाउन कुनै अप्ठ्यारो हुने थिएन कि !,' उनले भने, 'ठूला खालका औद्योगिक करिडोर भएका स्थानमा श्रमसम्बन्धी विवाद पनि धेरै हुने भएकाले श्रम अदालतको आवश्यकता र औचित्य धेरै नै छ । त्यसैले पनि यहाँ श्रम अदालत स्थापनाका लागि जोडदार माग राख्दै पनि आइरहेका छौं ।'

श्रमिकसँग जोडिएका मजदुरका तीनवटै संगठनले पटक-पटक बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत स्थापना हुनुपर्ने माग राख्दै आइरहेका छन् । तर, अहिलेसम्म श्रम अदालत भने स्थापना हुनसकेको छैन । श्रमिकका नेतामात्र नभएर बारा-पर्साका औद्योगिक करिडोरमा उद्योगधन्दा सञ्चालन गर्दै आइरहेका उद्योगी व्यवसायी पनि यहाँ श्रम अदालत हुनुपर्नेमा जोड दिँदै आइरहेका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम उद्योगधन्दाबाट मर्का परेका श्रमिक न्याय खोज्न काठमाडौं धाउनुपर्ने परिपाटीको अन्त्य गर्न जरुरी रहेको बताउँछन् । 'झापा वा महेन्द्रनगरका कुनै उद्यमीले श्रमिकलाई अन्याय गरेपछि न्याय खोज्न श्रमिक काठमाडौंको श्रम अदालत धाउनुपर्ने बाध्यता विद्यमान छ । त्यहाँको श्रमिक न्याय खोज्नका लागि काठमाडौं आउन निकै झण्झटिलो छ । त्यसैले पनि उद्योगमा ती श्रमिक पिल्सिएर नै बस्नुपर्ने अहिलेको अवस्थाले देखाउँछ,' उनले भने, 'श्रमिकले उद्योग वा रोजगारदाताविरुद्ध श्रम अदालतमा मुद्दा दायर गरेको खण्डमा पनि सो मुद्दाको फरफारक गर्न उद्योगी तथा रोजगारदाता पनि श्रम अदालत काठमाडौं नै धाउनुपर्ने अवस्था कायमै छ । अहिलेको एउटामात्र श्रम अदालत न त श्रमिकको पक्षमा न उद्योगी तथा रोजगारदाताको पक्षमा नै छ । त्यसैले पनि सकेसम्म प्रदेश-प्रदेशस्तरमा भए पनि श्रम अदालतको व्यवस्था गर्न अनिवार्यजस्तै भइसकेको छ ।'

अध्यक्ष गौतमले बारा-पर्सा औद्योगिक करिडोरमा ५० हजारभन्दा धेरै श्रमिक कार्यरत रहेकाले पनि यहाँ श्रमसम्बन्धी धेरै विवाद र मुद्दा पर्ने भएकाले पनि श्रम अदालत स्थापना गर्नुपर्ने बताए । पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको यकीन तथ्यांक नभए पनि ८०० देखि १२ सयको हाराहारीमा रहेको अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या भने एक हजार ६४६ रहेको छ । त्यसैगरी कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या १२६ छ । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या एक हजार २२५ छ । कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या भने १५२ रहेको छ ।

### यस्तो छ कानुनी व्यवस्था

श्रम ऐन, २०७४ को दफा १५१ मा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक संख्यामा श्रम अदालत गठन गर्ने व्यवस्था गरिएको छ । अधिवक्ता रामनारायण कुर्मी बारा-पर्सा औद्योगिक सानाठूला गरेर एक हजारभन्दा धेरै उद्योग कलकारखाना भए पनि श्रमिकसम्बन्धी कुनै विवाद भएको खण्डमा श्रम अदालत काठमाडौं धाउनुपर्ने बाध्यता रहेको बताए ।

'यहाँ श्रम अदालतको आवश्यकता भए पनि अहिलेसम्म राज्यले ध्यान दिन सकिरहेको छैन,' उनले भने, 'मजदुरको श्रमसम्बन्धी विवाद वा गुनासो सुन्ने ठाउँ नहुँदा पनि उनीहरू समस्यामा परिरहेका छन् ।' अधिवक्ता कुर्मी श्रम ऐन, २०७४ मा उच्च अदालतलाई श्रम अदालतको काम गर्ने जिम्मेवारी तोक्ने व्यवस्था भए पनि अझै कार्यान्वयनमा आउन नसकेको बताउँछन् ।

श्रम ऐन, २०७४ को दफा १५८ मा उच्च अदालतले श्रम अदालतको काम गर्ने सम्बन्धमा कानुनी व्यवस्था पनि गरेको छ । 'यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै उच्च अदालतलाई क्षेत्राधिकार तोकी श्रम अदालतको काम गर्नेगरी तोकिदिन सक्ने छ,' श्रम ऐनमा भनिएको छ ।

तर, सरकारले राजपत्रमा सूचना प्रकाशित गरेको खण्डमा मात्र उच्च अदालतले श्रमसम्बन्धी मुद्दाको कारबाही र किराना लगाउन सक्ने थियो । सोसँग सम्बन्धित व्यवस्था नहुँदा श्रमिक र रोजगारदाता दुवैले सास्ती भोग्दै आइरहेका छन् । उपदफा १ बमोजिम तोकिएको उच्च अदालतले मुद्दाको कारबाही र किनारा गर्दा यस परिच्छेदबमोजिम श्रम अदालतले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्ने छ । श्रम अदालतमा अध्यक्ष र दुई जना सदस्य रहने प्रावधान छ । उच्च अदालतका बहालवाला न्यायाधीश वा उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्ति श्रम अदालतको अध्यक्ष वा सदस्य हुन योग्य हुने छ ।

संघका अध्यक्ष गौतमले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जलाई श्रम अदालतको जिम्मेवार निकाय तोकेको खण्डमा मात्र पनि श्रमिक र रोजगारदाता दुवै सहज न्यायको पहुँचमा पुग्ने बताए । 'श्रम अदालत भएसँगै श्रमिकले सहज ढंगले आफ्नै घरदैलो पनि न्यायमा सहज पहुँच र न्याय प्राप्त गर्न सक्ने छ । उद्योगपतिहरूले पनि अर्धन्यायिक निकायबाट भन्दा पनि न्यायिक निकायबाट आफ्नो मुद्दाको निरूपण गर्ने मौका प्राप्त गर्न सक्छन्,' उनले भने, 'संघीयताको मर्मअनुरूप श्रम अदालतले विकेन्द्रीकरणलाई जोड दिने छ । न्यायको पहुँचमा पुऱ्याउन मद्दत पुग्ने छ ।' *रासस*

# बचत गरेको रकम निकाल्न नपाउँदा...

■ रामविकास चौधरी

**लुम्बिनी (मर्चवार)**– यही वैशाख ५ गते छोरीको विवाहको तयारी गर्दै छिन् ५५ वर्षीय मादिका लोनिया । तर उनको अनुहारमा खुसी छैन । श्री गौतमबुद्ध स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थामा संकलन गरेको छ लाख रूपैयाँ समयमै फिर्ता हुने छाँटकाँट नहुँदा उनी पीडा र चिन्तामा छिन् ।

सहकारी संस्थाको कार्यालयमा ताला लागेको झण्डै एक महिनाभन्दा बढी पुग्न लाग्दा साना व्यवसायी, किसान, वृद्धवृद्धाको घरायसी जीवनमा आर्थिक समस्या भएको छ । कसैको छोरीको विवाह खर्चको जोहो छैन, कसैको नियमित औषधि छाडिएको छ, त कसैको आपत्कालीन खर्च अन्योलमा परेको छ । सम्मरीमाई गाउँपालिका-६ का नन्दलाल चौहानको पनि यस्तै पीडा छ । छोरीको विवाह यही वैशाखमै जुरेको छ । तर सहकारीमा राखेको पैसा फिर्ता नपाउँदा उनी पनि असहाय बनेका छन् । उनले भने, 'आवश्यकताका लागि बचत गरेका थियौं, तर आफ्नै पैसा निकाल्न सकिएको छैन ।'

सोही वडामा नन्दलाल चौहानका पिता बुद्धु चौहानले आफ्नो पेन्सनको ५० हजार रूपैयाँ पनि सोही सहकारीमा राखेका थिए । नातिनीको विवाह खर्चका लागि त्यो रकम निकाल्ने उनले योजना बनाएका थिए । उनले भने, 'अब त्यो योजना पनि अधुरो रहने देखिन्छ ।'

छोटेलाल लोहार, असुरैनाका बासिन्दा, छोरीको विवाहका लागि आफन्तकहाँ सहयोग मागे । तर अधिकांश आफन्तको जवाफ एउटै छ, 'आफैंलाई अभाव छ, सहकारीमाथि विश्वास गरेर जम्मा गरेको पैसा नै यस्तो बेलामा फिर्ता नपाउँदा गहिरो चोट लागेको छ ।'

फलफूल व्यवसायी विनोद बर्माले छोरीको विवाहका लागि भन्दै एक वर्षदेखि दैनिक ५०० रूपैयाँका दरले बचत गरेका थिए । अब विवाह नजिकिँदै गर्दा उनले राखेको पैसा पनि अनिश्चित बनेको छ । यस्तै राजकुमार केवटले नियमित औषधि खरिद गर्न बचतमा भर पर्थे । तर अहिले एक लाख ५० हजार रूपैयाँ थुनिएको छ । उनले भने, 'यसले सहकारीमा मात्र होइन, स्वास्थ्यमा पनि जोखिम निम्त्याएको छ ।'

यही २०८१ फागुन २६ गते उक्त सहकारी संस्थाका व्यवस्थापक र कार्यालय सहायकलाई सञ्चालक समितिले निलम्बन गरेपछि विवाद सुरु भयो । विवाद अदालतसम्म पुगेपछि उच्च अदालत तुलसीपुर बुटवल इजलासले कारण देखाऊ र निलम्बनको निर्णय यथास्थितिमा राख्न अल्पकालीन आदेश दिएको छ । परिणामस्वरूप, बचत फिर्ता पाउने, ऋण लिने र सावाँब्याज तिर्नेलगायत सबै सेवा ठप्प छन् ।

गौतमबुद्ध स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था सञ्चालक समितिका अध्यक्ष दीपचन्द्र मुराउले भने, 'मुद्दा अदालतमा विचाराधीन छ । जबसम्म अदालतको निर्णय हुँदैन, सेवाहरू पुनः सञ्चालन गर्न सकिने अवस्था छैन । सहकारीको सेवामा अवरोधले सयौं बचतकर्तालाई अप्ठ्यारोमा पारेको छ । यसले आर्थिक संकटमात्र होइन, सामाजिक र मानसिक तनाव पनि बढाएको छ । सहकारी संस्थाको सेवा बन्द हुँदा गाउँको जनजीवन प्रभावित भएको छ । विवाह, उपचार र आपत्कालीन खर्चका लागि गरिएको बचत अहिले बन्द ढोकामै थुनिएको छ ।'

सम्मरीमाई-६ का वडाध्यक्ष तौलन केवटले सहकारीको सेवा प्रवाह पुनः सुरु भएन भने सहकारीप्रतिको जनविश्वास नै सधैंका लागि हराउन सक्ने बताए । बचतकर्ताको एउटै प्रश्न छ, 'जब हामीले विश्वास गरेर बचत गरेका थियौं, त्यसले आपत्मा साथ नदिएपछि केही बाँकी रहँदैन । सहकारीको नियमन गर्ने निकाय, सम्बन्धित पालिका र अदालतसमेतले अब गम्भीरतापूर्वक हस्तक्षेप नगर्ने हो भने केवल आर्थिक संकटमात्र होइन, सामाजिक संकटको भय पनि बढ्दै जान्छ ।' *रासस*


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**सडक डिभिजन बुटवल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/01/03**

यस डिभिजन कार्यालयबाट मिति २०८१/११/०४ मा www.bolpatra.gov.np/egp तथा दैनिक पत्रिकामा प्रकाशित सूचना नं DROBTL/08/081/82 र मिति २०८१/११/०९ मा www.bolpatra.gov.np/egp तथा अन्नपुर्ण पोष्ट पत्रिकामा प्रकाशित सूचना नं DROBTL/09/081/82 बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिम न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आएकोले छनौट भएका उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Contract Identification Number | Name and Address of Bidders | Bid Amount Including VAT & P.S. (NRs.) |
|---|---|---|---|
| 1. | RDBTL/33701019/081/82-46 | MOKTAN-SARVASHRI J/V, Chabahil Kathmandu | 36,323,326.26 |
| 2. | RDBTL/33701019/081/8248 | Amit-KAP JV, Kathmandu | 25,044,615.75 |
| 3. | RDBTL/33701169/081/82-52 | A.R.K-Aarambha JV, Lu Sa Na Pa-10 | 29,746,670.93 |
| 4. | RDBTL/33701169/081/82-53 | M/S Aarambha-Prince JV, Siyari-02, Rupandehi | 27,165,324.10 |
| 5. | RDBTL/33701169/081/82-54 | M/S Aarambha Infrastructures Pvt. Ltd., Siyari - 02 Rupandehi | 29,800,137.26 |
| 6. | RDBTL/33701169/081/82-55 | M/S Daya Nirman Sewa, Rupandehi | 46,608,789.04 |
| 7. | RDBTL/33701019/081/82-56 | Ruchi -Shree Krishna Joint Venture, Ratnagar- 12,Chitwan | 63,416,228.41 |
| 8. | RDBTL/33701019/081/82-58 | M/S Daya Nirman Sewa, Rupandehi Nepal | 62,519,757.66 |

**डिभिजन प्रमुख**


# ढोरपाटन-गुर्जा पदमार्गमा काठे पुल निर्माण



**म्याग्दी (प्रस)**– ढोरपाटन सिकार आरक्षको गुर्जाघाट र म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा जोड्ने पदमार्गमा पर्ने हुचिनखोलामा काठको पुल निर्माण भएको छ । धवलागिरि गाउँपालिकाको पाँच लाख रूपैयाँ अनुदान र उपभोक्ताको ६० हजार रूपैयाँबराबरको श्रमदानमा ३२ मिटर लामो पुल र २०० मिटर पुलसम्म पुग्ने पदमार्ग निर्माण भएको हो । पुल निर्माणपछि गुर्जाका बासिन्दा र ढोरपाटन-गुर्जा पदमार्गमा यात्रा गर्ने पर्यटकलाई बर्खायाममा जोखिम मोलेर खोला तर्नुपर्ने समस्या हटेको धवलागिरि-१ गुर्जाका वडासदस्य गुनराम छन्त्यालले जानकारी दिए ।

'रुघाचौरबाट आउने र हुचिनखोलाको दोभानमा बर्खामा आकस्मिक रूपमा बाढी आउने गर्छ । पुल नहुँदा खोला तर्ने क्रममा बाढीले बगाउने जोखिम थियो,' उनले भने, 'गाउँमा भएको पुराना पुलको लट्ठा झिकेर राखिएको थियो । सोही लट्ठा तानेर काठको फल्याक बिछ्याएर स्थानीय प्रविधिबाट पुल बनाइएको हो ।' हुचिनखोला हुँदै ढोरपाटन सिकार आरक्षको गुर्जाघाट जोड्ने पदमार्ग छ । पर्यटकका साथै स्थानीयवासीले पशुलाई गोठ लैजान, जंगलमा च्याउ, टुसा, जडीबुटी संकलन गर्न जानका लागि हुचिनखोला तर्नुपर्छ ।


**काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०१/०३ गते**

माईभ्याली सा.व.उ.स., इलाम न.पा. ११ इलामको वनबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समूहको घाटगद्दी बनाई राखिएका काठहरू डि.व.का. इलामको च.नं. ९६१८ मिति २०८१/०१/१३ गतेको लिलाम सहमती अनुसार साल गोलिया पार को ८९४.०० क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी विगविगि पर्ने सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना तैयो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री माईभ्याली सा.व.उ.स.**
**इलाम न.पा.११, इलाम**



**Invitation for Bids**

**Purbichauki Rural Municipality**

**Doti**

**Invitation of Bids for the Online Bid**

**Date of publication: 15 April 2025 [2082-01-02]**

1. The **Purbichauki Rural Municipality**, Doti invites electronic bid from the Neplese eligible bidders for the following works

| S N | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Estimated Amount (Without VAT and PS) | Id Security Amount in (NRs) | Id Document Fee in (NRs) non refundable |
|---|---|---|---|---|---|---|
| 1. | PRM/DOTI/LIFT/NCB-01/081/082 | Construction of CHaukhutte Lifting water supply project Purbichauiki Rural Municiplicity 05 Doti | 90 days | 26,67,464.74 | 80,000 | 3000 |
| 2. | PRM/DOTI/PARK/NCB-02/081/082 | Constructionn of Mini Khaptad Tourism Purbichauki 02 Baglekh Doti | 90 days | 22,21,704.00 | 70,000 | 3000 |

a. **Deadline for bid submission: 15-05- 2025 [2082/02/01] 12:00 PM**

b. **Date, time and place of bid Opening: 15-05-2025 [2082/02/01], 1:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.

c. **Account No. for bid document purchase:** Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: 14304010000011

d. **Account No. for bid security deposit:** Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675**[or may visit PPMO website www.bolpatra.gov.np.]

**Assistance Chief Administrative**

रूपशाला

### 'भूठान : घर हराएको कथा'को ट्रेलर सार्वजनिक

फिल्म 'भूठान : घर हराएको कथा'को ट्रेलर सार्वजनिक गरिएको छ। मंगलबार ललितपुरमा आयोजित एक कार्यक्रमका बिच फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो। ट्रेलरमा राजनीतिक परिस्थितीले घरबारविहिन हुन बाध्य शरणार्थीको कथा बोल्छ। ३ मिनेट लामो ट्रेलर फिल्मको मुख्य पात्र हरिबंश आचार्य (विष्णुबहादुर केसी)को आत्मपरक र वस्तुपरक यात्रामा छ। ट्रेलरमा हरिवंशको अलवा र अमेरिकी अभिनेता ब्रुस डर्न पनि देखएका छन्। फिल्मको निर्देशन विनोद पौडेलले गरेका हुन्। 'साँघुरो' लेखन र 'बुलबुल' निर्देशन गरेका पौडेलको 'भुटान' दोस्रो फिलम हो।



# दुई 'रियालिटी शो'का लागि ६० देशबाट प्रतिभा छनोट

■ प्रभाव संवाददाता

**लिस्बन (पोर्चुगल)**– सर्वाधिक धनराशि पुरस्कार रहेको नेपाली गायन र नृत्यको रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' को दोस्रो संस्करणका लागि ६० देशबाट २४० जना प्रतिभा छनोट भएका छन्।

'इन्ट्रा-नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिका'ले नेपालसहित १२ भन्दा बढी मुलुकमा अडिसन लिई ती प्रतिभा छनोट गरेको हो। पहिलो चरणको अडिसनबाट मेरो भ्वाइस युनिभर्सका लागि १२० जना र मेरो डान्स युनिभर्सका लागि १२० जना प्रतियोगी छनोट गरेको फाउन्डेसनका कार्यकारी निर्देशक चूडामणि भट्टराईले जानकारी दिए। विश्वका विभिन्न मुलुकमा भएको स्थलगत अडिसनमा सात हजारभन्दा बढी नेपाली मूलका नेपालीभाषी प्रतियोगी सहभागी भएको भट्टराईले बताए। छनोट भएका प्रतियोगीहरूलाई फाउन्डेसनले आफ्नै खर्चमा काठमाडौं ल्याई अर्को चरणको प्रतिस्पर्धाका लागि तयारी गराएको छ। छनोट भएका अधिकांशलाई काठमाडौं ल्याइएको फाउन्डेसनले जनाएको छ।

भट्टराईका अनुसार गायन र नृत्य गरी दुवैतर्फका शोका लागि अमेरिकामा भएको अडिसनबाट १० जना, क्यानडाबाट दुई, बेलायतबाट १०, पोर्चुगलबाट १०, भूटानबाट चार, थाइल्याण्डबाट १०, हङकङबाट १०, जापानबाट १०, अफ्रिकाबाट दुई, दुबईबाट १०, कतारबाट १०, अष्ट्रेलियाबाट १०, भारतबाट ६० र नेपालका विभिन्न शहरमा भएको अडिसनबाट ८२ जना प्रतिभा छनोट भएका छन्। नेपाल बाहिर रहेका नेपालीभाषीलाई नेपाली भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले दोस्रो संस्करणको आयोजना गरिएको कार्यकारी निर्देशक भट्टराईको भनाइ छ।

'यो नेपाली भाषा, कला र संस्कृतिको माध्यमबाट संसारभरका नेपालीलाई जोड्ने एउटा सांस्कृतिक अभियान हो', उनले भने, 'थाइल्याण्ड, मलेसिया, बर्मा, फिजी, भूटानलगायतका देशमा त्यहींका नागरिक भई बसोबास गरेका नेपालीभाषीहरूले समेत अडिसनमा भाग लिई छनोट हुनुभएको छ, यसले हामीलाई अझै उत्साहित बनाएको छ। हाम्रो अभियानले विश्वका विभिन्न मुलुकमा जन्मेका र हुर्केका नयाँ पुस्ताका नेपालीभाषीहरूलाई आफ्ना पुर्खाको मातृभूमिसँग जोड्ने काम गरेको छ।' संसारभरका नेपाली भाषीलाई नेपालसँग जोड्ने र कलासंस्कृतिको जगेर्ना गर्ने परिकल्पनाका साथ यो शो आयोजना गरिएको फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले बताए। 'नेपालीको परम्परा, रीतिथिति, भाषा, संस्कृति र नेपालीपन जोगाई राख्न सकियोस्, पुर्खाको जन्मभूमिसँग विदेशमा बस्ने नयाँ पुस्ताका नेपालीलाई जोड्न सकियोस् भन्ने हाम्रो मुख्य उद्देश्य हो,' अध्यक्ष अधिकारीले भने।

अमेरिकाबाट सुरु भएको स्थलगत अडिसन क्यानडा, बेलायत, पोर्चुगल, थाइल्याण्ड, हङकङ, जापान, अफ्रिका, अष्ट्रेलिया, दुबई, कतार, भूटान र भारतका विभिन्न शहरमा सम्पन्न भएको छ। त्यसैगरी, नेपालमा बिर्तामोड, नेपालगञ्ज, पोखरा र काठमाडौंमा अडिसन सम्पन्न गरेको छ। पहिलो संस्करणमा विश्वका ५२ देशका नेपालीभाषीले सहभागिता जनाएकामा यसपटक ६० देशका नेपाली प्रतिभाहरूको सहभागिता रहेको फाउण्डेसनले जनाएको छ। दुवै शोका विजेताहरूले रु एक-एक करोड नगद पुरस्कार पाउने छन्भने उपविजेताले रु २५-२५ लाख तथा तृतीय स्थान प्राप्त गर्नेले रु १०-१० लाख पुरस्कार पाउने फाउण्डेसनले जनाएको छ। यसबाहेक समूह नृत्यतर्फका प्रतिस्पर्धाका विजेता समूहले रु २० लाख, उपविजेता समूहले रु १० लाख र तृतीय समूहले रु पाँच लाख प्राप्त गर्नेछन्। छनोट चरणको उत्कृष्ट दशसम्म पुग्न सफल प्रतिभालाई रु तीन-तीन लाखले पुरस्कृत गरिने जनाइएको छ।

मेरो भ्वाइस युनिभर्सका लागि काठमाडौंमा सम्पन्न छनोट चरणमा गायक दीप श्रेष्ठ, सङ्गीतकार सुरेश अधिकारी, गायकहरू शिव परियार र पुष्पन प्रधान, गायिका अञ्जु पन्त र तृष्णा गुरुङ निर्णायकको भूमिकामा रहेका छन्। मेरो डान्स युनिभर्सको निर्णायकहरूमा कलाकार मिथिला शर्मा, अभिनेता दिलीप रायमाझी, अभिनेत्री शिल्पा मास्के, कोरियोग्राफरहरू शङ्कर बिसी, कविराज गहतराज र किरण थापालगायत रहने आयोजक संस्थाले जनाएको छ।

नेपाल टेलिभिजनबाट प्रसारण हुने दुवै शोको अर्को चरणको प्रतिस्पर्धा र प्रतिभा छनोट प्रक्रिया यसै साताबाट सुरु भएको छ। यअघि फाउण्डेसनले सन् २०२३ मा दुवै रियालिटी शोको पहिलो संस्करण सम्पन्न गरेको थियो। पहिलो संस्करणको 'मेरो भ्वाइस युनिभर्स' मा सिक्किमका प्रीतम राई विजेता हुनुभएको थियो भने 'मेरो डान्स युनिभर्स' को उपाधि थाइल्याण्डकी खुसी कार्कीले जितेकी थिइन्।




ब्लकबस्टर नेपाली फिल्म अवार्ड २०८१

# वर्षनायक विजय हुँदा नायिकामा केकी

■ प्रभाव संवाददाता

**काठमाडौं**– वर्ष अभिनेता विजय बराल आफ्नै समकालीन अभिनेता घरज्वाइँ र अञ्जिलामा उत्कृष्ट काम गरेका अभिनेता दयाहाङ राई र अर्को दाबेदार चलचित्र पुजार सार्कीका अभिनेता प्रदीप खड्कालाई व्यापारिक दृष्टिकोणमा धेरै पछाडि उछिन्दै वर्ष अभिनेताको हकदार भएका हुन्।

चलचित्रको व्यापारमा नपत्याउँदो इतिहास लेखेकोले नै उनलाई यो वर्षको वर्ष अभिनेता घोषणा गर्न कुनै लाज मान्नु पर्दैन। पूर्णबहादुरको सारंगी लगाएको दुई दिनमै हलबाट उतार्न लागेको चलचित्र थियो। निर्माण पक्षले अनेक जुक्ति लगाएर सुरुवाती टिकट किनेर शो थेगेर हुन्छ कि रोएर हुन्छ दरो मार्केटिङ गरेर बक्स अफिसमा यति लामो र दुर्लभ यात्रा तय गरेर नेपाली चलचित्र इतिहासमा अहिलेसम्मकै एतिहासिक इतिहास कायम गरेको छ।

त्यसैगरी वर्ष अभिनेत्री केकी अधिकारीले डिग्रीमाइला पूर्णबहादुरको सारंगीकी नायिका अञ्जना बराइली, दुखी आत्मा चलचित्रको नायिका आँचल शर्मा र घरज्वाइँ चलचित्रको अभिनेत्री मिरुना मगरलाई पछि पार्दै केकीले आफ्नो एकल लडाइँमा बक्स अफिसमा कसैले नपत्याएको चलचित्र बोक्सीको घरको सफलतासँगै केकीले वर्ष अभिनेत्रीको अवार्ड हात पार्न सफल भइन्। चलचित्र बोक्सीको घरले सिनेमा हलमा अरु चलचित्रले जस्तो उत्पात टिकट भने खासै किनेको थिएन।

यो बर्षको वर्ष नवअभिनेता समीर भट्टले होस्टेल-३ को आशावादी अभिनेता कुल ब्वाइलाई पछि पार्दै चलचित्र १२ गाउँबाट यो वर्षको उत्कृष्ट नवअभिनेता चुनिएका छन्।

त्यसैगरी वर्ष नव अभिनेत्री एञ्जिला तुम्बाफो सुब्बालाई यो घोषणा गर्दा सबै चकित हुने छन्, किनभने एञ्जिला कुनै अभिनेत्री होइन, एउटा फुटबलरमात्रै हुन्। आफ्नै जिवनीको चलचित्र अञ्जिला चलचित्रमा कसैले नसोचेको राम्रो काम मात्रै होइन, मार्मिक अभिनय गरेर एकजनालाई होइन, बजारमा आएका एक दर्जन नव नायिकालाई पछि छाडेकी छिन्।

यसै चलचित्रबाट यो बर्षको

वर्ष निर्देशक मिलन चाम्सलाई घोषणा गरिएको छ। उनले एउटा बायोग्राफी चलचित्रलाई बक्स अफिसमा चलाएनन् मात्रै सफलताको शिखरमै पुऱ्याए। कसैले आशा समेत नगरेको अञ्जिला चलचित्रले सबैको मन जितेकोमा उनी यो वर्षको सर्वश्रेष्ठ निर्देशक हुन्। चाम्सले पुजार सार्कीका दिनेश राउत र १२ गाउँका विराज भट्टलाई पछि पार्दै वर्ष निर्देशक बनेका हुन्।

विगत १९ बर्षदेखि निरन्तर बक्स अफिस इन्टरनेसनल ग्रुपले हरेक दिन साँझ प्रकाशित गर्दै आएको अनलाइन दैनिक पत्रीकाले यो बर्ष पनि २०८१ सालभरी रिलिज गरिएको चलचित्रहरू समेटिएर बजारमा सबैभन्दा सक्रिय, सफल पर्दा पछाडिको केही विधा र पर्दा भित्रको केही महत्वपूर्ण सक्रिय विधाहरू समेटिएर १९औं ब्लकबस्टर नेपाली फिल्म अवार्ड वर्ष समिक्षा आयोजना गरेको हो। हरेक चैत अन्तिममा पुरानो बर्षको बिदाई र नयाँ वर्षलाई स्वागत गर्दै निरन्तर नेपाली चलचित्रको सबैभन्दा फ्रेस अवार्ड आयोजना गर्दै आएको अवार्ड अध्यक्ष आरके सुवेदीले बताए।




रंगशाला

# गोर्खाली रग्बीलाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं** – गोर्खाली रग्बी क्लब पाँचौ संस्करणको फिफ्टिन्स रग्बी च्याम्पियनसिपको विजेता बन्न सफल भएको छ। मंगलबार भएको लिगको अन्तिम दिनको खेलमा नेपाल पुलिस क्लबलाई ५५-० ले पराजित गर्दै गोर्खाली रग्बीले उपाधि रक्षा गरेको हो। जितसँगै गोर्खालीले लिगको तीन वटै खेल जित्दै लिग तालिकाको शीर्ष स्थानमा उक्लिएको थियो।

अर्को खेलमा त्रिभुवन आर्मी क्लबले नेपाल एपीएफ क्लबलाई एक संघर्षपूर्ण खेलमा १९-७ ले पराजित गर्दै उपविजेता बन्न सफल भयो। गत वर्षको उपविजेता एपीएफ भने तेस्रो स्थानमा सीमित भयो। नेपाल पुलिस क्लबले भने प्रतियोगितामा अंक बटुल्न सकेन। विजेता गोर्खाली रग्बीले नगद २ लाख २२ हजार २२२ रूपैयाँ प्राप्त गरे भने उपविजेता एपीएफले १ लाख ११ हजार १११ रूपैयाँ हात पाऱ्यो। प्रतियोगिताको सर्वोकृष्ट खेलाडी गोर्खाली रग्बी क्लबका विजय खड्का घोषित भए। उनले १५ हजार प्राप्त गरे।

प्रतियोगिताको कठिन मानिएको दुई खेलमा एपीएफ र त्रिभुवन आर्मीलाई पराजित गरिसकेको गोर्खाली रग्बी क्लबका लागि खेल तुलनात्मक रूपमा सहज बन्न पुग्यो। एकपक्षीय खेलमा गोर्खालीले पहिलो हाफमा ४०-० को अग्रता लिइसकेको थियो।

गोर्खालीले पहिलो सेटमै वैकल्पिक खेलाडी राखेर मैदानमा उत्रिएको थियो। पहिलो पटक फिफ्टिन्स खेलिरहेको नेपाल पुलिस क्लबसँगको खेल सहज हुने अनुमान गरिएजस्तै नै खेलमा गोर्खाली सुरुआतदेखि नै हाबी हुन पुग्यो। दोस्रो हाफमा भने टोलीले १५ अंक थपेको थियो।

नेपाल पुलिसले कुनै स्कोर जोड्न सकेन। त्रिभुवन आर्मी र एपीएफबीचको खेल भने निकै प्रतिस्पर्धात्मक बनेको थियो। एपीएफले सुरुआतमा एक ट्राई र कन्भर्जनलाई सफल पारेर ७ अंक जोडेको थियो। सेनाले ५ अंक जोडेपछि पहिलो हाफ ७-५ को प्रतिस्पर्धात्मक स्थितिमा पुगेको थियो।

तर, दोस्रो हाफमा सेना खेलमा फर्कियो। दोस्रो हाफको सुरुआतमा लगातार सात अंक जोडेपछि आर्मीले खेलमा अग्रता बनायो र त्यसलाई अन्तिम समयसम्म कायम राख्यो। एपीएफले खेलमा फर्किने प्रयास सफल भएन। बरु खेल सकिनै लाग्दा आर्मीले अर्को एउटा ट्राई गरेर खेल १९-७ ले जित्न सफल भयो। नेपाल रग्बी संघको आयोजनामा राउन्ड रोबिन लिगको आधारमा सञ्चालन भएको खेलमा ३ विभागीय र गोर्खाली रग्बी गरी चार टोलीको सहभागिता रहेको थियो। यो प्रतियोगिताबाट दुई महिनापछि नेपाल र बंगलादेशबीच काठमाडौंमा हुने फिफ्टिन्स रग्बी श्रृंखलाको लागि खेलाडी छनोट गरिने नेपाल रग्बी संघले जनाएको छ।

एनएसएल फुटबल

# पोखरा प्लेअफमा झापा बाहिरियो



■ प्रभाव संवाददाता

**काठमाडौं**– पोखरा थण्डर्स नेपाल सुपर लिग (एनएसएल) २०२५ को प्लेअफ पुग्ने तेस्रो टिम बनेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा मंगलबार भएको आफ्नो अन्तिम लिग खेलमा बुटवल लुम्बिनीलाई २-० ले पराजित गर्दै पोखरा प्लेअफमा पुगेको हो। पोखरालाई जित दिलाउन आयुष घालन र बीएस्सी विलियमले गोल गरे।

दुवै टिमको लिगको अन्तिम खेल थियो। पोखरालाई प्लेअफ पुग्न जित आवश्यक थियो भने यसअघि नै बाहिरिसकेको बुटवल कम्तीमा एक जित निकाल्न चाहन्थ्यो। तर पोखराले राम्रो प्रदर्शन गर्दै खेलको नतिजा आफ्नो पक्षमा पारेको हो।

खेलको दशौं मिनेटमै आयुष घलानले गोल गर्दै पोखरालाई अग्रता दिलाएका थिए। त्यसपछि पनि पोखराले अग्रता बढाउने अवसर पाएपनि सदपयोग गर्न सकेन। बुटवलले पनि पहिलो हाफमा बराबरी गर्ने अवसर पाउँदा फिनसिङ चुस्त रहेन।

दोस्रो हाफमा पनि पोखराले एक गोल थप्यो। बीएस्सी विलियमले ५८औं मिनेटमा गोल गरे।

पोखराको जितपछि झापा एफसी अन्तिम खेलअघि नै प्लेअफ होडबाट बाहिरिएको छ। यस्तै ६ खेल नै खेलिसकको काठमाडौं रेजर्सले भने अब प्लेअफ पुग्नका लागि चितवन र धनगढीबीच हुने अन्तिम खेलको नतिजा कुर्नुपर्नेछ।

चितवन र धनगढीबीच लिगकै अन्तिम खेल बिहीबार हुनेछ। चितवनका लागि पनि प्लेअफ पुग्न उक्त खेल जित्नैपर्ने अवस्था बनेको छ। पोखराले अब एलिमिनेटर खेल्नेछ।

अन्तर्राष्ट्रिय जुडो

# बुधबारदेखि जुडो र पारा जुडो च्याम्पियनसिप

■ प्रभाव संवाददाता

**काठमाडौं** – सातौं अन्तर्राष्ट्रिय जुडो च्याम्पियनसिप र पहिलो पारा जुडो च्यामिपयनसिप बुधबारदेखि सुरु हुने भएको छ।

नेपाल जुडो महासंघको प्राविधिक सहयोगमा नेपाल खेलकुद महासंघ, नेपाल बहिरा तथा दृष्टिविहिन पारा जुडो संघको संयुक्त आयोजनामा प्रतियोगिता हुन लागेको हो।

खुशिबुँस्थित बहुउद्देश्यीय मार्शल आर्ट्स केन्द्रमा हुने प्रतियोगिताबाट जापानमा हुने डेफ ओलम्पिकमा सहभागी हुने खेलाडीको छनोट गरिने छ।

प्रतियोगितामा भुटान र थाइल्यान्डसहित नेपालका जिल्ला, क्लब, डोजो, विद्यालय, संघ सस्थासहित ३५ टिमले सहभागिता जनाउने आयोजकले जनाएको छ।

प्रतियोगितामा पुरुषतर्फ १२ र महिलातर्फ ११ तौल समूह समावेश गरिएको छ। पुरुषतर्फ २०, २५, ३०, ३५, ४०, ४५, ५०, ५५, ६०, ६६,७३ केजीमुनि र खुला तथा महिलार्फत २८, ३२, ३६, ४०, ४४, ४८, ५२, ५५, ६३ केजीमुनि, ६३ केजीमाथि र खुलामा प्रतिस्पर्धा हुनेछ।

यस्तै, पारा जुडो च्याम्पियनसिपमा पुरुषतर्फ ६० केजीमुनि तथा महिलातर्फ ५२ केजीमुनि तौल समूहमा प्रतिस्पर्धा गराइने छ।

# सीको भियतनाम भ्रमणले अमेरिकालाई ‘बिगार्ने’ लक्ष्य राखेको छ : ट्रम्प

**हनोई–** चिनियाँ राष्ट्रपति सी चिनफिङले मंगलबार भियतनामका दिवंगत क्रान्तिकारी नेता हो ची मिन्हलाई हनोईको भ्रमणको अन्तिम दिन श्रद्धाञ्जलि अर्पण गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त भ्रमणले संयुक्त राज्यलाई ‘बिगार्ने’ लक्ष्य राखेको बताएका छन् ।

मलेसिया र कम्बोडिया समावेश हुने दक्षिणपूर्वी एसिया भ्रमणको एक हिस्साका रूपमा सी भियतनाममा छन् । ती मुलुकका नेताहरूले अमेरिकी भन्सार शुल्कको सामना गरिरहेको बेला बेइजिङले आफूलाई ट्रम्पको स्थिर विकल्पका रूपमा स्थापित गर्न खोजिरहेको छ ।

बेइजिङको सरकारी मिडियाका अनुसार चिनियाँ राष्ट्रपति सीले सोमबार आफ्नो देश र भियतनामलाई ‘एकपक्षीय धम्कीको विरोध गर्न र विश्वव्यापी स्वतन्त्र व्यापार प्रणालीको स्थिरतालाई कायम राख्न’ आह्वान गरे । केही घण्टापछि ट्रम्पले ह्वाइट हाउसमा पत्रकारहरूलाई उनीहरूको बैठक संयुक्त राज्यलाई चोट पुर्‍याउने उद्देश्यले थियो भने । ‘म चीनलाई दोष दिन्नँ । म भियतनामलाई दोष दिन्नँ । म दिन्नँ । मैले देखेँ कि उनीहरू आज भेट्दै छन्, र त्यो अद्भूत छ, उनले भने, ‘त्यो एक सुन्दर बैठक हो... हामीले संयुक्त राज्य अमेरिकालाई कसरी बिगार्ने भनेर पत्ता लगाउने प्रयास जस्तै ।’

चीन र भियतनामले सोमबार आपूर्ति शृंखला, कृत्रिम बौद्धिकता (एआई), संयुक्त समुद्री गस्ती र रेलमार्ग विकाससहित ४५ सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन् । सीले सोमबार भियतनामका शीर्ष नेता तो लामसँगको बैठकमा उनीहरूको देश ‘इतिहासको निर्णायक बिन्दुमा उभिएका छन्... र संयुक्त हातहरू अगाडि बढ्नुपर्छ’ भने । भियतनाम समाचार एजेन्सीका अनुसार लामले वार्तापछि दुई नेताले ‘धेरै महत्त्वपूर्ण र व्यापक साझा धारणाहरू प्राप्त गरेको’ बताए ।

## रेल लिंक

आफ्नो भ्रमणको अन्तिम दिन सीले मध्य हनोईमा स्वर्गीय नेताको समाधिमा आफ्नो नाम र ‘भियतनामका महान नेता राष्ट्रपति हो ची मिन्ह दीर्घायु रहुन्’ शब्दहरू अंकित रातो माला चढाए । उनी भियतनाम-चीन रेलवे सहयोगको शुभारम्भमा पनि सहभागी भए । उक्त रेलवेले यस वर्ष घोषणा गरिएको भियतनामको सबैभन्दा ठूलो उत्तरी बन्दरगाह सहरलाई चीनसँगको सिमानामा जोड्ने आठ अर्ब डलरको रेल परियोजना व्यवस्थापन गर्न मद्दत गर्ने छ ।

उत्पादन पावरहाउस भियतनामको वर्षको पहिलो तीन महिनामा सबैभन्दा ठूलो निर्यात बजार संयुक्त राज्य अमेरिकाले विश्वव्यापी भन्सार अभियानको हिस्साका रूपमा भियतनामी सामानहरूमा ४६ प्रतिशत भन्सार शुल्क लगाएको लगभग दुई हप्तापछि सीको भ्रमण भएको हो । भियतनाम र अन्य धेरै देशमा अमेरिकी करहरू रोकिए पनि चीनले अझै पनि ठूलो भन्सार शुल्कको सामना गरिरहेको छ र क्षेत्रीय व्यापार सम्बन्धलाई कडा बनाउन र सीको यस वर्षको पहिलो विदेश भ्रमणका क्रममा तिनीहरूको प्रभावलाई कम गर्न खोजिरहेको छ ।

सी मंगलबार भियतनामपछि मलेसिया र त्यसपछि कम्बोडिया जाने र यसले व्यापक क्षेत्रका लागि ‘प्रमुख महत्त्व राख्ने’ बेइजिङले बताएको छ । यसअघि सीले भियतनाम र चीनलाई ‘बहुपक्षीय व्यापार प्रणाली, स्थिर वैश्विक औद्योगिक र आपूर्ति शृंखला र खुला र सहकारी अन्तर्राष्ट्रिय वातावरणको दृढतापूर्वक रक्षा गर्न’ आग्रह गरेका थिए ।

उनले सोमबार भियतनामको प्रमुख राज्यद्वारा सञ्चालित नहान दान अखबारमा प्रकाशित एउटा लेखमा ‘व्यापार युद्ध र भन्सार शुल्क युद्धले कुनै विजेता उत्पादन गर्दैन र संरक्षणवादले कतै नेतृत्व गर्दैन’ भन्ने बेइजिङको लाइनलाई पनि दोहोर्‍याए । दुवै कम्युनिस्ट पार्टीद्वारा शासित चीन र भियतनाम पहिले नै ‘व्यापक रणनीतिक साझेदारी’ साझा गर्दछन् जुन हनोईको सर्वोच्च कूटनीतिक स्थिति हो । भियतनामले चीन र संयुक्त राज्य अमेरिका दुवैसँग राम्रो सर्तमा रहन प्रयास गर्दै लामो समयदेखि ‘बाँस कूटनीति’ दृष्टिकोण अपनाएको छ ।

बाँस कूटनीतिले लचिलोपन र स्वतन्त्रताको सिद्धान्तमा निहीत विदेशी सम्बन्धमा भियतनामको विशिष्ट दृष्टिकोणलाई जनाउँछ । यो अवधारणाले भियतनाममा गहिरो सांस्कृतिक महत्त्व राख्ने बाँसको बोटबाट प्रेरणा लिन्छ राख्छ । दुई देशबीच घनिष्ठ आर्थिक सम्बन्ध छ तर हनोईले विवादित दक्षिण चीन सागरमा बेइजिङको बढ्दो दृढताबारे अमेरिकाको चिन्ता साझा गर्दछ । *रासस/एएफपी*

# मलेसियाका पूर्वप्रधानमन्त्री अब्दुल्लाह बदावीको निधन



**क्वालालम्पुर–** मलेसियाका पूर्वप्रधानमन्त्री अब्दुल्लाह अहमद बदावीको निधन भएको उनको परिवारले जानकारी दिएको छ । अब्दुल्लाहले आफ्ना पूर्ववर्ती महाथिर मोहम्मदबाट पदभार ग्रहण गरेपछि सुधारको वाचा गरेका थिए तर कमजोर नेतृत्वका लागि उनको आलोचना गरिएको थियो ।

पचासी वर्षीय वृद्ध अब्दुल्लाहको लामो समयसम्म बिरामी रहेपछि सोमबार अस्पतालमा निधन भएको हो । राजकीय सम्मानका साथ मंगलबार उनको अन्त्येष्टि गरिएको छ । स्नेहपूर्वक ‘पाक लाह’ वा काका लाह भनेर चिनिने अब्दुल्लाह सन् २००३ मा प्रधानमन्त्री बने र २२ वर्ष सत्तामा रहेपछि राजीनामा दिएका तीक्ष्ण वाक्पटुता अधिनायकवादी नेता महाथिरको उत्तराधिकारी बने । उनले सन् २००९ सम्म मलेसियाको पाँचौं प्रधानमन्त्रीको रूपमा सेवा गरे । उनी आमचुनावमा उनको सत्तारूढ गठबन्धनको खराब प्रदर्शन र महाथिरको अथक आलोचनापछि पछि हट्न बाध्य भए ।

मध्यमार्गी, पितृतुल्य अब्दुल्लाह आफ्नो प्रभावशाली पूर्ववर्तीको तुलनामा एकदम भिन्न थिए । धेरैले अधिनायकवादी शासनबाट बृहत्तर स्वतन्त्रतामा संक्रमणलाई उत्साहित गरे र यसले अब्दुल्लाहलाई सन् २००४ को चुनावमा आफ्नो नेसनल फ्रन्ट गठबन्धनलाई ठूलो विजय दिलाउन मद्दत गर्‍यो । तर, उनलाई कमजोर नेताका रूपमा हेर्नेहरू पनि थिए । आफ्नो कार्यकाल समाप्त भएपछि अब्दुल्लाहले लो प्रोफाइल कायम राखे । प्रधानमन्त्री अनवर इब्राहिमले अब्दुल्लालाई ‘मलेसियाको सत्ताको राजनीतिमा नयाँ कथा जगाउने महान आत्मा भएको व्यक्ति’ का रूपमा श्रद्धाञ्जलि दिए । *रासस/एएफपी*

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०१/०३ गते**

श्री अग्रेली बबई संरक्षण सामुदायिक वन उपभोक्ता समूह, बबई गा.पा.-५, अग्रेली, दाङको वनबाट उत्पादन भई बबई गा.पा.-५, अग्रेली, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल तथा अन्य जातको गोलिया काठ थान ४१७ को ३६३३.४६ घ।फि तथा साल जातको दाउरा ८ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८२।०१।२४ गते) भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष/श्री अग्रेली बबई संरक्षण सामुदायिक वन उपभोक्ता समूह**
**बबई गा.पा.-५, दाङ**

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०१/०३ गते**

श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह, बबई गा.पा.-१, गंगटे, दाङको वनबाट उत्पादन भई बबई गा.पा.-१, रातोमाटा, खुर्पे दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल तथा अन्य जातको गोलिया काठ थान ४६६ को ३४४०.०८ घ.फि तथा साल जातको १५ तथा अन्य जातको २ गरि जम्मा १७ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८२।०१।२४ गते) भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष/श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह**
**बबई गा.पा.-१, दाङ**

### बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशन मिति २०८२।०१।०३**

यस सिम्पानीदेवकोट संयुक्त सामुदायिक वन उपभोक्ता समूह मनहरी, ८ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यवस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ८८ को ११०१.१७ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन खरिद गरि १६ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ

**– श्री सिम्पानीदेवकोट संयुक्त सामुदायिक वन उपभोक्ता समूह मनहरी ८ मकवानपुर**

## गाजामा चरम मानवीय संकट सम्भवतः सबैभन्दा खराब

न्युयोर्क- मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्रसंघको कार्यालय (ओसिएचए) ले सोमबार गाजाको मानवीय अवस्था सन् २०२३ अक्टोबरमा घेराबन्दी गरिएको इलाकामा इजरायली आक्रमण सुरु भएदेखि मानवीय सहायतामा निरन्तर नाकाबन्दीबीच ‘सम्भवतः सबैभन्दा खराब’ भएको बताएको छ । आफ्नो पछिल्लो बयानमा ओसिएचएले डेढ महिनादेखि कुनै पनि सहायता ढुवानी गाजामा प्रवेश नगरेको कुरा प्रकाश पार्दै भनेको छ, ‘युद्ध सुरु भएदेखि विगत १८ महिनामा मानवीय अवस्था सम्भवतः सबैभन्दा खराब भएको छ ।’ इजरायलले मार्च २ देखि मानवीय सहायताको प्रवेशमा रोक लगाएको छ र गाजामा प्रवेश गर्ने सबै सीमा बन्द गरेको छ । *रासस/क्युएनए*

### Roshi Rural Municipality
### Office of Rural Municipal Executive

**Roshi-07, Kavre**

**Bagmati Province, Nepal**

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication: 2082/01/03**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System (**https://bolpatra.gov.np/egp**) of government of Nepal, Bidders can only bid electronically for further details bidders are requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO Website **https://bolpatra.gov.np/egp**

**Contract Details**

| Name Of Project | Contract ID | EstimatedAmount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee(NRs) |
|---|---|---|---|---|
| Gaupalika Building Finising and Compound Work | RRM/GBFC/W/NCB/07-081/82 | 1,52,05,979.93 | 3,50,000.00 | 3000 |

**Chief Administrative Officer**

### बहराइन/युएइमा रोजगार

कम्पनी : CHICKET WLL

पूर्व स्वीकृति मिति : २०८२/०१/०२ | LT. No. 308434 | चलानी नं. ६०२२३१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 25 | 0 | 100 | ३६,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 25 | 0 | 100 | ३६,४९८ | | | | | | | |

कम्पनी : R K R R INTERNATIONAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०२ | LT. No. 322010 | चलानी नं. ६०२३६०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Carpenter | 12 | 0 | 1200 | ४४,९३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १० गते (23rd April - 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012
Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

Govt. License No. 1336/074/075

### कुवेतमा रोजगार

कम्पनी : SPECIAL TOUCH RETAIL BUILDING MATERIALS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/२० | LT. No. 321963 | चलानी नं. ६०२२७१६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER | 20 | 0 | 100 | ४४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SHATTERING CARPENTER | 5 | 0 | 115 | ५१,४२५ | | | | | | | |
| 3 | FINISHING CARPENTER | 15 | 0 | 140 | ६२,६०५ | | | | | | | |
| 4 | GYPSUM CARPENTER | 5 | 0 | 140 | ६२,६०५ | | | | | | | |
| 5 | ELECTRICIAN | 10 | 0 | 120 | ५३,६६५ | | | | | | | |
| 6 | CERAMIC MASON TILES | 5 | 0 | 120 | ५३,६६५ | | | | | | | |
| 7 | LIGHT DRIVERS | 5 | 0 | 135 | ६०,३६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १० गते (23rd Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic.No 1692/081/81

**Dana Human Resource Nepal Pvt. Ltd.**

Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danane palpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com

### उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना सम्बन्धमा**

**सूचना प्रकाशित मितिः २०८२/०१/०३**

उर्लावारी नगर कार्यपालिकाको कार्यालय मोरङबाट मिति २०८१/१२/१५ गते दोस्रो पटक प्रकाशित आ.व. २०८१/०८२ को लागि आन्तरिक आय तर्फ नदिरखोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन, तथा बिक्री कार्यको लागि ठेक्का आव्हानको सूचना ठेक्का नं रा./०३/०८१/०८२ अनुसार e-bid मार्फत पेश हुन आएको जम्मा १ (एक) वटा बोलपत्रलाई बोलपत्रको मूल्यांकन एवं परिक्षण गर्दा कमल गाउँपालिका-३, झापास्थित सुम्निमा कन्स्ट्रक्सनले पेश गरेको देहाय बमोजिमको बोलपत्र सारभूत रूपमा प्रभावग्राही र नगरपालिकाबाट प्रकाशित सूचनामा उल्लेख गरिएको न्यूनतम बोलपत्र रकम भन्दा उच्च मूल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो जानकारी गराईएको छ ।

**तपशिलः**

| क्र.सं. | बन्दोवस्त गर्नुपर्ने ठेक्का | बोलपत्रदाताको नाम ठेगाना | वोलकवोल अंक रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | उर्लाण्बारी नगरपालिका प्रारम्भिक वातावरण परिक्षण (IEE) भएको बक्राहा-नुनसरी खोला (प्याकेज(१) बाट बालुवा, ढंगा, मिक्स गिट्टी पुराई उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी । | सुम्निमा कन्स्ट्रक्सन कमल गाउँपालिका- ३, झापा | १,०१,११,१११।०० (रू. एक करोड एक लाख एघार हजार एक सय एघार मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

### ताम्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

**जयबागेश्वरी ८ काठमाडौं**

**फोन नं.** ०१-४५८७४९५, Email- tamreshwor3014@gmail.com

**ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना**

**प्रकाशित मिति : २०८१।०१।०३**

यस **ताम्रेश्वर वचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट** तपसिलमा उल्लेखित ऋणीहरूले लिएको ऋणको साँवा तथा व्याज यस संस्थासँग भएको शर्त सम्झौता बमोजिम समयमा तिर्नु बुझाउनु पर्नेमा पटक पटक लिखित एंव मौखिक रूपमा ऋणी तथा धनजमानीलाई तरताकेता गर्दा समेत तिर्नु बुझाउनु पर्ने बक्यौता रकम नतिरी नबुझाई ऋण सम्बन्धी शर्तको उल्लघंन गर्नुका साथै यस संस्थाको ऋण चुक्ता भुक्तानि गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुँदा आफुले लिएको ऋण र अन्य बक्यौता रकम समेत चुक्ता फछ्र्यौट गरिदिन ऋण धितो सुरक्षण लेखिदिने तथा व्यक्तिगत धन जमानीदिने व्यक्तिहरूलाई समेत यसै सूचना द्वारा जानकारी गराईएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन भित्र** यस ताम्रेश्वर वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा सम्पर्क राखि आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज, बक्यौता रकम तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तानि गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित म्याद भित्र यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज तथा अन्य बक्यौता रकम चुक्ता भुक्तानि नगरे ऋणी, सुरक्षण लेखाईदिने र जमानि दिने समेतसँग भएको शर्त सम्झौता, कबुलियत र तमसुक बमोजिम, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम ऋण असुल उपर गरिने व्योहरा जानकारीको लागि यो सूचना सार्वजनिक गरिएको छ ।

**तपसिल**

| ऋणीको बिबरण | जमानी दिनेको बिबरण |
|---|---|
| इन्द्र बहादुर भण्डारी को नातिनी बिष्णु भण्डारी को छोरी मोरङ जिल्ला इन्द्रपुर गाविस वार्ड नं ४ बस्ने (ना. प्र. नं ४।८४७३ मोरङ) वर्ष ४१ को **श्री अन्जना अधिकारी** | बिक्रम कटुवालको नातिनि टंक बहादुर कटुवालको छोरी सुनसरी जिल्ला भादगांउ सिनुबारी गाविस वडा नं ६ बस्ने वर्ष ६० को सुमित्रा भण्डारी । |
| इन्द्र बहादुर भण्डारी को नातिनी बिष्णु भण्डारी को छोरी मकवानपुर जिल्ला हेटौडा नपा वार्ड नं ९ बस्ने (ना प्र नं ४२८८ मकवानपुर) वर्ष ३९ को **श्री शान्ता चौलागाई क्षेत्री** | नर बहादुर क्षेत्रीको नाति कृष्ण बहादुर क्षेत्रीको छोरा मकवानपुर जिल्ला हेटौडा नपा वडा नं ९ बस्ने वर्ष ४५ को होम बहादुर क्षेत्री । |
| गुप्त बहादुर गुरुङको नातिनि बाबुकाजी गुरुङको छोरी नुवाकोट जिल्ला ककनी गाविस वडा नं ९ बस्ने (ना. प्र. नं ७९८००।१८७९ नुवाकोट) वर्ष ३९ को **श्री बिध्या गुरुङ** | मकर बहादुर बिश्वकर्माको नातिनी नर बहादुर बिश्वकर्माको छोरी सुनसरी जिल्ला धरान नपा वडा नं ११ बस्ने ४१ को गिता बिश्वकर्मा । हर्क बहादुर क्षेत्रीको नातिनी गोबिन्द क्षेत्रीको छोरी भक्तपुर जिल्ला भक्तपुर नपा वडा नं १४ बस्ने बर्ष ५२ को गिता साही । |
| लक्ष्मी प्रसाद निरौलाको नाति टेकनाथ निरौलाको छोरा सुनसरी जिल्ला इटहरी नपा वडा नं २ बस्ने (ना.प्र. नं ०६५०१८९।५२१८९ सुनसरी) वर्ष ४१ को **श्री बिबस निरौला** | लक्ष्मी प्रसाद निरौलाको नाति टेकनाथ निरौलाको छोरा सुनसरी जिल्ला इटहरी नपा वडा नं २ बस्ने वर्ष ३४ को देबेन्द्र निरौला । |
| लोटन दासको नाति किसोरी दास कथवनियाको छोरा महोत्तरी जिल्ला भरतपुर गाविस वडा नं ६ बस्ने (ना. प्र नं १८३०६७४५९ महोत्तरी) बर्ष ४४ को **श्री दिपक कुमार दास कथवनिया** | लोटन दासको नाति किसोरी दास कथवनियाको छोरा महोत्तरी जिल्ला भरतपुर गाविस वडा नं ६ बस्ने बर्ष ३४ को शत्रुहन दास । |
| निधिलाल बरालको नाति टिकाराम बरालको छोरा मोरङ जिल्ला बरडंगा गाबिस वडा नं ७ बस्ने )ना. प्र. नं १०२५६ मोरङ) बर्ष ४८ को **श्री बिकाश बराल** | बिश्वनाथ उपाध्यायको नाति उमेश चन्द्र शर्माको छोरा धनुषा जिल्ला जनकपुर नपा वडा नं ४ बस्ने बर्ष ४७ को सन्दिप पौडेल । |

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १८४३०० | प्रति तोला – ० | प्रति तोला – १९४५ |

## सहकारी क्षेत्रका समस्याबारे राष्ट्रपति पौडेलको चासो



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले सहकारी क्षेत्रमा देखिएको समस्याका बारेमा चासो व्यक्त गरेका छन् ।

मंगलबार राष्ट्रपति भवन शीतल निवासमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी र सचिव अर्जुनप्रसाद पोखरेलसँगको भेटमा सहकारी समस्या बारेमा चासो व्यक्त गरेका हुन् ।

राष्ट्रपति पौडेलले सहकारीका समस्याका कारण मारमा परेका नागरिकलाई छिटो न्याय दिन र यस क्षेत्रको समस्यालाई छिटो टुंगो लगाउन निर्देशन दिएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । राष्ट्रपति पौडेलले सहकारीका साना बचतकर्ताको रकम फिर्ताका सम्बन्धमा सरकार गम्भिर भएर लाग्न निर्देशन दिएको उल्लेखसमेत गरेका छन् ।

उक्त अवसरमा मन्त्री अधिकारीले केन्द्रीयस्तरमा दर्ता भएका ४७ मध्ये २३ वटा सहकारीलाई संकटग्रस्त घोषणा गरी तदारुकताका साथ काम भइरहेको र ३ वटा सहकारीको समस्या समाधान गरिसकेको तथा बाँकी सहकारीको समस्या समाधानका लागि सरकारले काम गरिरहेको जानकारी गराइएको थियो । लामो समयदेखि सहकारी पीडितहरूले आन्दोलन गरिरहेपछि राष्ट्रपति पौडेल चासो राखेका हुन् ।

## बूढीगण्डकी प्रभावितका लागि मुआब्जा निर्धारण

■ प्रभाव संवाददाता



**गोरखा –** बूढीगण्डकी जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दाका लागि मुआब्जा निर्धारण गरिएको छ । चुमनुब्री गाउँपालिकाका जनप्रतिनिधि, प्रवर्द्धक कम्पनी साहस ऊर्जाका प्रतिनिधि र स्थानीयको सहभागितामा मुआब्जा निर्धारण गरिएको हो ।

साहस ऊर्जाका प्रबन्ध निर्देशक हिम पाठकका अनुसार बाँध निर्माणस्थल रहेको वडा नं ३ को सल्लेरीका बस्ती क्षेत्रमा रहेका जग्गाको प्रतिआना रु तीन लाख कायम गरिएको छ । 'चार आनाभन्दा कम जग्गा हुनेको हकमा भने प्रतिआना रु चार लाख र बस्तीभन्दा बाहिर प्रतिआना रु एक लाख ५० हजार मुआब्कजा निर्धारण भएको छ ।' उनका अनुसार करिब ८० रोपनीको मुआब्जा दिनुपर्ने आंकलन गरिएको छ ।

उक्त भेलाले घरको मूल्यांकन भने गरेको छैन । गाउँपालिकाका प्राविधिकले तयार गरेको प्रतिवेदनका आधारमा घरको मुआब्जा निर्धारण हुने उनले जानकारी दिए । आयोजनाबाट २६ घरधुरी विस्थापित हुने भएका छन् ।

विस्थापित हुनेहरूको पुनःस्थापनाका विषयमा पनि छलफल भइरहेको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिए । 'डुबानका कारण विस्थापित हुनेहरू कसैलाई फिलिममा, कसैलाई जगतमा पुनःस्थापित गर्ने विषयमा छलफल भइरहेको छ तर निर्णय भइसकेको छैन', लामाले भने ।

गाउँपालिकाका अध्यक्ष निमा लामा, उपाध्यक्ष लक्ष्मी गुरुङ, वडा नं २ का अध्यक्ष रामकुमार गुरुङ, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा (माओवादी केन्द्र)का प्रतिनिधि, सल्लेरी, भालुवन, जगत, नाग्चेतका बासिन्दालगायतको मुआब्जा निर्धारण भेलामा उपस्थिति थियो । अर्धजलाशययुक्त (पिकिङ रन अफ रिभर) प्रविधिको ३४१ मेगावाट क्षमताको उक्त परियोजना निजी क्षेत्रबाट सञ्चालित सबैभन्दा ठूलो परियोजना हो । साहस ऊर्जाले सल्लेरीमा बाँध निर्माण गर्ने छभने त्यहाँबाट ६.८ किलोमिटर भूमिगत सुरुङ हुँदै धार्चे-३ मा रहेको तातोपानीस्थित पावर हाउसमा विद्युत् उत्पादन गर्नेछ ।

उत्पादन हुने विद्युत् ४५ किलोमिटर लामो प्रसारण लाइनमार्फत नुवाकोटको रातामाटे सबस्टेसनमार्फत केन्द्रीय प्रसारणलाइनमा जोडिनेछ । आयोजनाको कुल लागत रु ७० अर्ब रहेको छ ।

## अन्तरदेशीय प्रसारण लाइन निर्माण कम्पनी स्थापनाका लागि तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल-भारतबीच अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि दुवै देश सम्मिलित कम्पनी स्थापना गर्न सम्झौतापत्रको मस्यौदा तयार गर्न लागिएको छ ।

गत माघ ९ गते नेपाल-भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औं बैठकले चार सय केभीको इनरुवा-न्यु पूर्णिया र दोदोधरा-बरेली प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनासम्बन्धी काम गर्ने सहमति गरेसँगै दुवै देशको छलफलमा सम्झौतापत्रको मस्यौदा तयार गर्न लागिएको हो ।

दुई देशका सचिवस्तरीय बैठकपश्चात् संयुक्त उपक्रम सम्झौता (ज्वाइन्ट भेन्चर अग्रिमेन्ट) को मस्यौदा अन्तिम चरणमा पुगेको हो । नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसनबीच सहकार्यमा कम्पनी स्थापना गरी निर्माणको प्रक्रिया सुरु हुन लागेको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालको विद्युत् व्यापारलाई अन्तरराष्ट्रियस्तरमा लैजान 'रणनीतिक प्रसारण पूर्वाधार निर्माण' लाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । नेपाल-भारतबीच १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता भइसकेको छ ।

मन्त्री खड्काको नेतृत्वमा तयार पारिएको ऊर्जा विकास मार्गचित्र तथा कार्यान्वयन योजना-२०८१ मा सन् २०३५ सम्म भारतमा १० हजार मेगावाट र बंगलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको छ ।

उक्त लक्ष्य पूरा गर्न इनरुवा-न्यु पूर्णिया प्रसारण लाइन सन् २०२८/२९ भित्र र दोधारा-बरेली प्रसारण लाइन सन् २०२९/३० भित्र सम्पन्न गरिसकिने छ । दुई वर्षदेखि छलफल सुरु भएको यी प्रसारण लाइनको लगानी मोडालिटीमा पनि उक्त बैठकले समझदारी जुटाएको थियो । चार सय केभी दोधारा-बरेली प्रसारण लाइनमा भारततर्फ १५० किलोमिटर र नेपालतर्फ करिब ३५ किलोमिटर, इनरुवा-पूर्णियामा नेपालतर्फ २५ किलोमिटर र भारततर्फ एक सय किलोमिटर दूरी हुनेछ ।

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले आज मध्यरातदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा प्रतिलिटर तीन रूपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५७ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५९ रूपैयाँ र तेस्रो वर्गका लागि एक सय ६० रूपैयाँ तोकिएको




छ । यस्तै, डिजेल तथा मट्टितेलको मूल्य पहिलो वर्गका लागि एक सय ४३ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ४५ रूपैयाँ र तेस्रो वर्गका लागि एक सय ४६ रूपैयाँ निर्धारण गरिएको निगमले जनाएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो र काठमाडौं, पोखरा र दीपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ ।

इन्डियन आयल कर्पोरेशनबाट आज प्राप्त पेट्रोलिमय पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा तीन रूपैयाँ १५ पैसा र डिजेलमा दुई रूपैयाँ ६२ पैसाले घटेर आएकाले स्थानीय बजारमा पनि मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

## बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत समस्या

**वीरगञ्ज (पर्सा)–** बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा श्रमिक र रोजगारदाताबीचको कानुनी उपचार खोज्नका लागि संघीय राजधानी काठमाडौं धाउनुपर्ने बाध्यता कायमै छ ।

यसबाट श्रमिक र रोजगारदाताको समय र खर्च दुवै बढी हुने कारणले पनि न्यायको पहुँचसम्म पुग्न हिच्किचाइरहेको अवस्था छ । मुलुकभरकै श्रमिक तथा रोजगारदाताहरू श्रमसम्बन्धी मुद्दा लिएर श्रम अदालत काठमाडौं जाँदा अदालतमा पनि मुद्दाको चाप बढी हुँदा न्याय प्राप्तिका लागि धेरै समय खर्चिनुपर्ने बाध्यता पनि थपिएको छ ।

नेपाल ट्रेड युनियन कांग्रेस मधेस प्रदेशका पूर्वअध्यक्ष लक्ष्मण कुर्मी बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत नहुँदा यहाँका मजदुरले ठूलो समस्या झेल्दै आइरहेको बताउँछन् । 'उद्योगी र व्यवसायीबाट पीडित भएको श्रमिक न्याय खोज्नकै लागि श्रम अदालत काठमाडौं धाउनुपर्ने समस्या यथावत् नै छ', उनले भने, 'बिहान-साँझ श्रम गरेर खानुपर्ने श्रमिक आफ्ना सबै कुरा छाडेर कानुनी उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यताको अन्त्य गर्न जरुरी भइसकेको छ । हामीले पटकपटक बारा-पर्सा औद्योगिक करिडोर क्षेत्रलाई समेट्नेगरी श्रम अदालत स्थापना गर्न माग गरिसक्यौं, तर अहिलेसम्म पनि कार्यान्वयन हुनसकिरहेको छैन ।'

अध्यक्ष कुर्मीले अहिले पर्साकै कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया पर्साकै हुनुभएकाले पनि उनले पहलकदमी गरेको खण्डमा श्रम अदालत वीरगन्जमा ल्याउन सकिने बताए । 'पर्साबाटै निर्वाचित हुनुभएका प्रतिनिधिसभा सदस्य कानुनमन्त्री बन्नुभएको छ । पक्कै पनि उहाँले पहलकदमी गरेको खण्डमा श्रम अदालत बनाउन कुनै अप्ठ्यारो हुने थिएन कि !', उनले भने, 'ठूला खालका औद्योगिक करिडोर भएका स्थानमा श्रमसम्बन्धी विवाद पनि धेरै हुने भएकाले श्रम अदालतको आवश्यकता र औचित्य धेरै नै छ । त्यसैले पनि यहाँ श्रम अदालत स्थापनाका लागि जोडदार माग राख्दै पनि आइरहेका छौं ।'

श्रमिकसँग जोडिएका मजदुरका तीनवटै संगठनले पटक-पटक बारा-पर्सा औद्योगिक करिडोरमा श्रम अदालत स्थापना हुनुपर्ने माग राख्दै आइरहेका छन् । तर, अहिलेसम्म श्रम अदालत भने स्थापना हुनसकेको छैन । श्रमिकका नेतामात्र नभएर बारा-पर्साका औद्योगिक करिडोरमा उद्योगधन्दा सञ्चालन गर्दै आइरहेका उद्योगी व्यवसायी पनि यहाँ श्रम अदालत हुनुपर्नेमा जोड दिँदै आइरहेका छन् ।

वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतम उद्योगधन्दाबाट मर्का परेका श्रमिक न्याय खोज्न काठमाडौं धाउनुपर्ने परिपाटीको अन्त्य गर्न जरुरी रहेको बताउँछन् । 'झापा वा महेन्द्रनगरका कुनै उद्यमीले श्रमिकलाई अन्याय गरेपछि न्याय खोज्न श्रमिक काठमाडौंको श्रम अदालत धाउनुपर्ने बाध्यता विद्यमान छ । त्यहाँको श्रमिक न्याय खोज्नका लागि काठमाडौं आउन निकै झन्झटिलो छ । त्यसैले पनि उद्योगमा ती श्रमिक पिल्सिएर नै बस्नुपर्ने अहिलेको अवस्थाले देखाउँछ', उनले भने, 'श्रमिकले उद्योग वा रोजगारदाताविरुद्ध श्रम अदालतमा मुद्दा दायर गरेको खण्डमा पनि सो मुद्दाको फरफारक गर्न उद्योगी तथा रोजगारदाता पनि श्रम अदालत काठमाडौं नै धाउनुपर्ने अवस्था कायमै छ । अहिलेको एउटामात्र श्रम अदालत न त श्रमिकको पक्षमा न उद्योगी तथा रोजगारदाताको पक्षमा नै छ । त्यसैले पनि सकेसम्म प्रदेश-प्रदेशस्तरमा भए पनि श्रम अदालतको व्यवस्था गर्न अनिवार्यजस्तै भइसकेको छ ।'

अध्यक्ष गौतमले बारा-पर्सा औद्योगिक करिडोरमा ५० हजारभन्दा धेरै श्रमिक कार्यरत रहेकाले पनि यहाँ श्रमसम्बन्धी धेरै विवाद र मुद्दा पर्ने भएकाले पनि श्रम अदालत स्थापना गर्नुपर्ने बताउनुभयो । पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको एकीन तथ्यांक नभए पनि आठ सयदेखि बाह्र सयको हाराहारीमा रहेको अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या भने एक हजार ६४६ रहेको छ । त्यसैगरी कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या १२६ छ । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या एक हजार २२५ छ । कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या भने १५२ रहेको छ । *रासस*

## २७ अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव १४ अंकले बढेर दुई हजार छ सय ८९ दशमलव २२ को बिन्दुमा कायम भएको छ । मंगलबार विभिन्न तीन सय २० कम्पनीका दुई करोड १८ लाख ४१ हजार ४७ कित्ता शेयर ६९ हजार तीन सय ६४ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ५४ करोड ४३ लाख ५७ हजार आठ सय ८७ बराबरको कारोबार भएको छ ।

म्युचुअल फन्ड शून्य दशमलव ०७ र व्यापार शून्य दशमलव ६४ प्रतिशतको गिरावट देखिएको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ४६ र लगानी समूह दुई दशमलव ७१ ७१ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ४८, वित्त एक दशमलव ५९, होटल तथा पर्यटन एक दशमलव ९९, जलविद्युत् एक दशमलव ४७, जीवन बीमा शून्य दशमलव ८१, उत्पादन तथा प्रशोधन एक दशमलव २२, लघुवित्त शून्य दशमलव ६० र निर्जीवन बीमा समूह एक दशमलव ०७ प्रतिशतले बढेको छ ।

कारोबारमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी बलेफी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा धेरै बलेफी हाइड्रोपावर लिमिटेडको रू दुई अर्ब एक करोड २९ लाख ९३ हजार एक सय ४२ बराबरको ८६ लाख ७८ हजार दुई सय २५ कित्ता शेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ